जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २९० • २०७९ साल चैत ४ गते शनिवार (18 March, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-



# उपराष्ट्रपतिमा यादव विजयी



**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाज पार्टी (जसपा) नेपालका संसदीय दलका नेता एवं पूर्वमन्त्री रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएका छन् । मुलुकको तेस्रो उपराष्ट्रपतिका लागि शुक्रबार भएको मतदानमा उनी आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले) का अष्टलक्ष्मी शाक्य (बोहरा) र जनमत पार्टीका ममता झालाई पराजित गरी निर्वाचित भएका छन् ।

उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ। उपराष्ट्रपति निर्वाचनमा सङ्घीय संसद्तर्फ तीन सय ३२ र प्रदेशसभा सदस्य पाँच सय ५० गरी कुल आठ सय ८२ मतदाता कायम छन्। सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ ।शुक्रबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो। मतदानमा ३११ सङ्घीय सांसद र ५१८ प्रदेशसभा सदस्यले मतदान गरेका थिए । मतदानका लागि नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से कक्षमा सङ्घीय सांसद र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्र कायम गरिएको थियो । पूर्वमन्त्रीसमेत रहेका यादवलाई जसपा नेपालसहित नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)लगायत सत्तागठबन्धन दलहरूको साथ थियो ।

नेपालको संविधानमा उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने उल्लेख छ । यसैगरी दुई पटक उपराष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन नसक्ने संवैधानिक प्रावधान छ ।

## उपेन्द्र यादवलाई उपचुनाव लड्ने बाटो खुल्यो

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई उपनिर्वाचन लड्ने बाटो खुलेको छ । बारा-२ बाट निर्वाचित सांसद रामसहायप्रसाद यादव शुक्रबार उपराष्ट्रपतिमा निर्वाचित भएपछि उपेन्द्रका लागि संसद् छिर्ने बाटो खुलेको हो ।

गत निर्वाचनमा सप्तरी-२ मा पराजित भएपछि अब बारा-२ मा उपचुनाव लड्न अध्यक्ष यादवले सत्तारुढ गठबन्धन दलका शीर्ष नेताहरूबीचमा समेत तालमेल मिलाइसकेका छन् ।

उपराष्ट्रपतिमा निर्वाचित यादवले नेकपा एमालेको सहयोगमा चुनाव जितेका थिए । अध्यक्ष यादव भने अब कांग्रेस र माओवादी केन्द्रसहित दलको समर्थनमा चुनाव जित्ने दाउमा छन् । तर, उपराष्ट्रपतिको निर्वाचनसँगै उनलाई रोक्न मधेशमै अर्को गठबन्धन बनिसकेको छ ।

मधेशी जनअधिकार फोरममार्फत् मधेश आन्दोलन र सडक संघर्ष गरेर राष्ट्रिय राजनीतिमा उदाएका उपेन्द्र तीन पटक उपप्रधानमन्त्रीसहित पटक-पटक मन्त्री बनिसकेका छन् । तर, यो अवधिमा मधेशका मुद्दा सम्बोधनभन्दा पनि सत्ता र संसद्बाहिर अडिन नसक्ने नेता भन्दै उपेन्द्रको संसदीय यात्रा रोक्न जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीसहितले मोर्चाबन्दी गरेका छन् ।

जनमत पार्टीले उपराष्ट्रपतिमा सत्ता गठबन्धनबाटै उम्मेदवार बनेका जसपाका नेता यादवविरुद्ध ममता झालाई उम्मेदवार बनाएको थियो । गत निर्वाचनमा पनि यादवलाई जनमतले नै रोकेको थियो । सप्तरी-२ बाट उम्मेदवार अध्यक्ष यादवलाई जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतले १८ हजारभन्दा बढी मतान्तरले पराजित गरेका थिए । अब उनी बारा-२ बाट चुनाव लड्ने तयारीमा लागेका छन् ।

त्यसो त उपेन्द्रका लागि चुनाव क्षेत्र फेर्नु उति ठूलो कुरा भने होइन । सुरुमा पूर्वी तराईबाट चुनाव लडेका यादव अब भित्री मधेश पसिसकेका छन् । उनी ०४८ सालको निर्वाचनमा सुनसरी-४ बाट चुनाव लडेका थिए । ०६४ र ०७० मा भने उनी सुनसरी-५ बाट चुनाव लडे । ०७४ को निर्वाचनमा उनी सप्तरी-२ आइपुगे । यसपटक दोहोरिएर निर्वाचित हुने उनको चाहनामा ब्रेक लागेपछि अब उनी बारा-२ माबाट फेरि संसद् छिर्ने दाउमा छन् ।

तर यादवका लागि कांग्रेस-माओवादीले साथ दिए पनि उपराष्ट्रपति निर्वाचनसँगै देखिएको मधेशवादी दलको नयाँ मोर्चाबन्दी चुनौती बन्न सक्ने देखिएको छ । निर्वाचन आयोगले यसअघि रिक्त भएको चितवन-२ मा आगामी वैशाख १० गते उपनिर्वाचन गर्ने मिति तोकेको छ भने रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि रिक्त भएको तनहुँ-१ र उपराष्ट्रपतिमा निर्वाचित भएका यादवको बारा-२ मा उपनिर्वाचन गर्नेबारे निर्णय लिएको छैन । यी क्षेत्रमा सकेसम्म वैशाख १० भित्रै चुनाव गर्ने कोसिस गर्ने निर्वाचन आयोगका अधिकारीहरुले बताउने गरेका छन् ।

## राष्ट्रिय एकता प्रवर्द्धन गर्न लाग्नेछु: नवनिर्वाचित उपराष्ट्रपति यादव

**टुडे समाचारदाता**

काठमाण्डु । नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवले राष्ट्रिय एकतालाई मजबुत र प्रवर्द्धन गर्न आफू लाग्ने बताएका छन् । साथै शान्ति प्रक्रियाका बाँकी काम निष्कर्षमा पुऱ्याउन आफ्नो भूमिका रहने बताए ।

शुक्रबार उपराष्ट्रपति पदमा निर्वाचित भइसकेपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । उनले मुलुकलाई समृद्धितर्फ लैजाने काममा पनि आफू लाग्ने बताए ।

शान्ति प्रक्रियाका कामहरु निष्कर्षमा पुऱ्याउन बाँकी रहेको भन्दै त्यसलाई निष्कर्षमा पुऱ्याउनका लागि आफ्नो तर्फबाट प्रयास हुने पनि उनको प्रतिबद्धता थियो ।

'राष्ट्रिय एकतालाई मजबुत गर्न, प्रवर्द्धन गर्न मेरो इमान्दारिताकासाथ भूमिका रहनेछ । मुलुक समृद्ध रुपमा अघि बढोस् । शान्ति प्रक्रियाका कामहरु निष्कर्षमा पुऱ्याउन बाँकी छ, त्यसलाई निष्कर्षमा पुऱ्याउनका लागि पनि मेरो तर्फबाट प्रयास हुनेछ । हाम्रो क्षेत्रका जनताकै मतका कारण म यहाँसम्म आइपुगेको हुँ । उहाँहरुसहित देशका सबै जनतालाई हार्दिक धन्यावाद र आभार व्यक्त गर्छु ।'

नवनिर्वाचित उपराष्ट्रपति यादवले आफूलाई उपराष्ट्रपतिमा जिताउन भूमिका खेल्ने जनता र सांसदहरुप्रति धन्यवाद प्रकट गरेका थिए ।






# फोहोर व्यवस्थापनका लागि जनचेतना र्‍याली



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामा फोहोर व्यवस्थापनकालागिजनचेतनामूलक अभियान सञ्चालन गरेको छ ।

अभियानको क्रममा शुक्रबार नगर क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहकार्यमा जउनपाले जनचेतना र्‍यालीको प्रदर्शन गरेको छ । स्थानीय रेल्वे स्टेशनचोकबाटनिस्केकोसोजनचेतना र्‍याली भानुचोक,शिवचोक हुँदै जनकचोकमा पुगेर सभामा परिणत भएको थियो ।

र्‍यालीको क्रममा सडकमो दुबैतिर निर्माण गरिएका पैदल यात्रुमार्गमा व्यापारीहरुले अतिक्रमण गरी राखेको सामानहरु खाली गराइएको छ भने फोहर व्यवस्थापनको लागि सबैलाई आग्रह गरिएको छ । व्यापरिक प्रतिष्ठान एवम् नगरवासीको घरबाट निस्कने फोहरलाई व्यवस्थित रुपमा प्लास्टिकमा प्याक गरी राख्ने,सडकमा जताततै नफाल्नेसहितका चेतना जगाउने उद्देश्यले र्‍यालीको आयोजना गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए । र्‍याली पछि आयोजित सभामा प्रजिअ दाहालले फुटपाथ पैदल यात्रुको हिंड्नका लागि हुने भएकोले कोहीले पनि यसको अतिक्रमण गरेर अवरुद्ध गरेको पाइएमा कडा कारबाही गरिने चेतावनीसमेत दिए ।

जउनपाका मेयर मनोज कुमार साहले फोहोर सडकमा होइन उपमहानगपालिकाको सफाइ गाडीमा राख्ने बानी पार्न नगरवासी समक्ष आग्रह गरे ।

र्‍यालीमा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख,शसस्त्र प्रहरीका सुरक्षा प्रमुख,जउनपाका सफाइ कर्मचारीहरु,सफाइ अभियानीहरु,नागरिकसमाजका अगुवाहरु तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो । यस अभियानलाई निरन्तरता दिइने जनाइएको छ ।

जनचेतनाको अभावमा यहाँका व्यापारी व्यवसायीहरुले पसलबाट निस्कने फोहोर सडकमै फाल्ने प्रवृति बढेको छ ।

सुन्दर, स्वच्छ, समृद्ध जनकपुरधाम निर्माण अभियान अन्तर्गत नगर प्रमुख मनोज कुमार साह तथा प्रमुख जिल्ला अधिकारी काशीराज दहालको संयुक्त अगुवाइमा सुरु भएको यो अभियानलाई निरन्तरता दिइने जनाइएको छ ।

# निषेधित क्षेत्र घोषणा

विराटनगर । कोशी प्रदेश नामकरणपछि विरोध प्रदर्शन हुन थालेको उल्लेख गर्दै जिल्ला प्रशासन कार्यालय मोरङले जिल्लाकाकेहीस्थानलाईनिषेधित क्षेत्र घोषणा गरेको छ । प्रदेशको नाममा असहमत विविध समूह तथा पक्षबाट विरोध, धर्ना र जुलुश हुनथालेपछि सुरक्षामा असर पार्न सक्ने भन्दै निषेधित क्षेत्र घोषण गरेको हो ।

प्रदेशसभा पूर्वमा देवकोटा चोकदेखि पश्चिम कोशी अस्पतालसम्म, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रोडशेष चोकदेखि दक्षिण जतुवा चोकसम्म, मुख्यमन्त्री निवास वरिपरि ३०० मिटरसम्म र जिल्ला प्रशासन कार्यालय मोरङको डाँफे चोकदेखि पूर्वको क्षेत्रसम्म प्रशासनले निषेधित क्षेत्र तोकेको छ ।

सुरक्षा स्थितिलाई सहज एवम् सामान्य तुल्याई राख्न जिल्ला सुरक्षा समितिको मोरङको निर्णयानुसार चैत ५ गते बिहान ६ बजेदेखि अर्को आदेश नभएसम्म निषेधित स्थानमा सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुश, भेला, र्‍याली, धर्नाजस्ता कार्य गर्न रोक लगाइएको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३ क) बमोजिम निषेध गरिएकाले जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यो आदेश उलङ्घन गरी उल्लेखित कार्यहरु गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने प्रशासनले सूचनामा उल्लेख गरेको छ ।रासस

# भ्रष्टाचार विरुद्ध आवाज उठाउने यादवलाई पक्राउ



**राकेश यादव**

गौर । रौतहट जिल्लाको गरुडा नगरपालिकामा भएको अनियमितताको विरुद्ध आवाज उठाउनेलाई गरुडा प्रहरीले नियन्त्रणमा लिएको छ ।

गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणि जायसवालले नगरपालिकालाई कार्यकर्ता भर्ती केन्द्र बनाएको भन्दै आवाज उठाउने स्थानीय गरुडा नगरपालिका वडा नम्बर ७ का राम नारायण यादवको छोरा दीपक यादवलाई इलाका प्रहरी कार्यालय गरुडाले पक्राउ गरेको छ ।

निर्वाचित भएपछि मेयर जायसवालले योग्य दक्ष कर्मचारी हटाएर आफ्नो नाता गोता ,आफन्त ,पार्टी कार्यकर्तालाइ नियुक्ति गरी सरकारी रकमको चरम दुरूपयोग गरी भ्रष्टाचार गरेको भन्दै विरोधमा उत्रेका लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मेयर प्रत्यासीसमेत रहेका यादवलाईप्रहरीलेशुक्रबार बेलुका नियन्त्रणमा लिएपछि गरुडाको अवस्था तनावग्रस्त बनेको छ ।

नगरपालिका द्वारा भए गरेको खर्चको पारदर्शिता हुनुपर्ने , १५० जना कर्मचारीको भर्ना प्रक्रिया सार्वजानिक गर्नुपर्नेलगायतका माग राख्दै आफ्नो समर्थक सहित नगरपालिका पुगेका यादवलाई प्रहरीले पक्राउ गरेपछि समर्थकहरुले स्थानीय प्रहरी तथा नगर प्रमुख विरुद्ध प्रदर्शनमा उत्रेका हुन । गौर चन्द्रनिगाहपुर सड्क खण्ड अवरुद्ध गरेर यादवका समर्थकहरुले विरोध गर्न थालेपछि अवस्था तनाव ग्रस्त बनेको छ ।

# तीन दिन वर्षा हुने

काठमाण्डु । स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभावले देशका कतिपय स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् प्रतिभा मानन्धरका अनुसार आगामी तीन दिनसम्म अपराह्नपछि देशका धेरैजसो स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । अहिले काठमाडौँसहित देशका धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । देशका पश्चिम र सुदूरपश्चिम क्षेत्रका अधिकांश स्थानमा वर्षा भएको छ ।

महाशाखाले जारी गरेको मौसम विवरणअनुसार भोलि शनिबार पनि देशभर आंशिकदेखि सामान्य बदली रहनुका साथै पहाडी भूभागका केही स्थान तथा तराई भूभागका थोरै स्थानमा मेघ गर्जन/चट्याङ/हावाहुरीसहित क्षणिक/हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । चैत ५ गते आइतबार देशको पहाडी भूभागका केही स्थान तथा तराई भूभागका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित क्षणिक/हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।रासस

# वन विनाश जैविक विविधता संरक्षणमा चुनौती



**टुडे समाचारदाता**

जनकपुरधाम । वन विनाश जैविक विविधता संरक्षणमा ठूलो चुनौतीको रुपमा रहेको गुनासो एक कार्यक्रमका वक्ताहरुले गरेका छन् । मधेश प्रदेशको उद्योग,पर्यटन तथा वन मन्त्रालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको राष्ट्रिय जैविक विविधता संरक्षण सम्बन्धी कार्यशाला गोष्ठीका वक्ताहरुले सो गुनासो पोखेका छन् ।

कार्यक्रममा वन विज्ञ हेम लाल आर्यालले मधेश प्रदेशमा रहेका वनजंगल विनाश तथा पानीका स्रोतहरु समाप्त पार्ने षडयन्त्र नै भइरहेको आरोप लगाए। उनले भने,'प्रदेशका वन क्षेत्र एवम् पानीका स्रोतहर धर्म संस्कृतिसंग जोडिएको छ तर विकासको नाउमा धर्म संस्कृतिलाई समाप्त पार्ने षडयन्त्र अन्तर्गत वन विनाश र जलस्रोतलाई नष्ट पार्ने काम भइरहेको छ।' वन जंगल विनास भएकै कारण जनावरहरु वस्तीतर्फ आउनु,समयमा पानी नपर्नु,वातावरणीय सन्तुलन विग्रिदै जानु जस्ता मुख्य कारणले जैविक विविधताको संरक्षण अत्यन्त ठूलो चुनौती बनेको उनले प्रष्ट पारे ।

त्यसैगरी, उनले राजनीति गर्ने नेताहरुले चुरे क्षेत्रको महत्व बुझ्न जरुरी रहेको बताउँदै उनले भने ,' चेतना अभावकै कारण वनस्पतीहरु लोप भइरहेको प्रष्ट छ त्यसैले चुरे क्षेत्रको संरक्षण वन विनाश रोक्नेलगायतमा गंभीर हुनुपर्ने आवश्यकता छ।'

वन अधिकृत सुजित कुमार झाले संघका कर्मचारीहरुले लापरवाही गर्ने र प्रदेश मन्त्रालयलाई बद्नाम मात्रै गर्ने प्रयास गरिएको आरोप लगाए। जैविक विविधताको संरक्षणका लागि मधेश प्रदेश सरकार मात्र होइन संघीय सरकारले पनि गंभीरतापूर्वक चासो दिनु पर्ने आवश्यकता उनले औंल्याए ।

जैविक विविधताको प्रभावकारी संरक्षणका लागि महिलाको प्रतिनिधित्व पुरुष जस्तै समान रुपमा हुनुपर्नेमा समेत वक्ताहरुले जोड दिए। प्रदेश सचिव विशाल घिमिरेको अध्यक्षतामा भएको गोष्ठीमा वन, कृषि तथा जनावरका विषयमा प्रकाश पार्दै वन विनाश रोक्नका लागि वक्ताहरुले जोडदार माग गरेका थिए। गोष्ठीमा जैविक विविधता संरक्षणका साथै व्यवस्थापनको अवस्था वा परिस्थितिकीय प्रणाली वा वातावरणीय सेवाबारेसमेत छलफल गरिएको थियो ।

कार्यक्रममा मधेश प्रदेश वन मन्त्रालयका कर्मचारीहरु,फियानका प्रतिनिधि,विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखहरुलगायतका सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# जलवायुपरिवर्तनको जोखिम न्यूनीकरणका लागि सहकार्य जरुरी

काठमाण्डु । जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि तीन तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य जरुरी रहेको सरोकारवालाले औंल्याएका छन् । जलवायु परिवर्तनले वातावरण अन्य क्षेत्रमा पार्ने प्रभावबारे ब्यापक जनचेता फैलाएर स्थानीय मुद्दालाई विश्वव्यापीकरण गरि नुपर्नेमा उनीहरुको जोड छ ।

साथसाथै फाउण्डेशनले ' महिला र जलवायु न्याय' विषयक अन्तरक्रियाका वक्ताले जलवायु परिवर्तनसम्बन्धी बनेका नीति नियमको व्यवहारिक कार्यान्वयनमा लगेर यसको सम्भावित जोखिमबाट बच्ने उपायबारे जनस्तरमा सचेतना फैलाउन जरुरी रहेको उल्लेख गरेका हुन् ।

सांसद एवम् पूर्वपरराष्ट्रमन्त्री डा बिमला राई पौडेलले जलवायु परिवर्तनको जोखिम विशेषगरी महिला र सिमान्तकृत समुदायमा रहेको भन्दै सम्भावित जोखिम न्यूनीकरणका लागि तीन तहका सरकारबीच प्रभावकारी समन्वय गरेर आवश्यक कार्यक्रम अघि बढाइनुपर्नेमा जोड दिनुभयो । उहाँले वातावरण संरक्षणका लागि स्थानीय प्रविधिको भरपुर उपयोग गर्दै यसको असरबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा बहज पैरबी गर्न जरुरी भएको उल्लेख गर्नुभयो । सांसद मानवीर राईले वातावरणीय प्रभाव मानिस, पर्यावरण, बालीनाली र जीवजन्तुलाई असर परेको र यसबाट विश्वव्यापी रुपमा भयाभह अवस्था सिर्जना हुनसक्ने भन्दै जलवायु परिवर्तनकोजोखिम न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनुपर्ने खाँचो औँल्याउनुभयो ।

उहाँले जलवायु परिवर्तनको प्रभावले हिमाल कालापत्थरमा परिणत भइरहेको र यसले हिमाली पर्यटन विकाससमेतमा अवरोध सिर्जना गरेको भन्दै वातावरण संरक्षणका लागि बलैमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न जरुरी भएको बताउनुभयो ।

वन तथा वातावरण मन्त्रालयका निमित्त सचिव डा रेवतीरमण पौडेलले वातावरण संरक्षण र जलवायु परिवर्तनको जोखिम नियन्त्रणका लागि नीतिगतरुपमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको भन्दै आगामी दिनमा यस किसिमका कार्यक्रमलाई ब्यापक बनाएर लैजाने विश्वास व्यक्त गर्नुभयो ।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन होल्मोले जलवायु परिवर्तनको बढी जोखिम हेलम्बु क्षेत्रमा परेको र त्यहाँका हिउँ, पानीका मुहान सुक्ने अवस्था रहेको भन्दै उक्त क्षेत्रको पर्वावरण सचेतनाबारे सरोकारवालाले ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो । खुम्बु पासाङल्हामु गाउँपालिकाका उपाध्यक्ष टासी ल्हमु शेर्पाले जलवायु परिवर्तनको असरले जाडोयाममा हिउँ पर्न नसकेको, हिमाल कालापत्थरमा परिणत भइरहेको तथा लामो समयको सुक्खापनले डँडेलोलगायतका समस्या भोग्नुपरिरहेको र यसले हिमाली पर्यटनमा असर परेको बताउनुभयो । जलवायु परिवर्तनकै कारण बालीनाली, वनजङ्गल र जीवजन्तुमासमेत नकारात्मक असर परिरहेको उहाँले उल्लेख गर्नुभयो ।

नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई)का राजदूत अब्दुल अल साम्सीले जलवायु परिवर्तनको जोखिम नियनत्रण र महिला सशक्तिकरणलगायतका विषयमा युएई सरकारले विभिन्न प्रयास गरिरहेको र आगामी दिनमा यो क्षेत्रको सहयोग अभिवृद्धिका लागि तत्पर रहेको बताउनुभयो ।

अनुसन्धानकर्ता नवीन्द्र दाहालले जलवायुपरिवर्तन सम्बन्धी नीतिगत व्यवस्था रहेपनि कार्यान्वय पक्ष फितलो रहेको भन्दै प्राथमिकतासहित कार्ययोजनाका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

विज्ञ डामहेश्वर ढकालले जलवायुपरिवर्तनको जोखिम न्यूनीकरणरसमुदायस्तरमासचेतना फैलाउन तीन तहका सरकारबीच प्रभावकारी समन्वयका साथ कार्य अघि बढाइनुपर्नेमा जोड दिनुभयो ।रासस

# सेवाग्राहीलाई झन्झट नदिनुस्: सचिव रेग्मी

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सेवाग्राहीलाई प्राथमिकतामा राखी शीघ्र झन्झटरहित तवरबाट सेवा प्रवाह गर्न मातहतका सबै मालपोत र नापी कार्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयले देशका सबै मालपोत र नापी कार्यालयलाई कुशल राजस्व सङ्कलक र भूमि प्रशासनका सदाचारयुक्त संस्थाको प्रतिविम्ब झल्कने गरी कार्यसम्पादन गर्न सुझाव दिएको हो । मन्त्रालयका सचिव डा दामोदर रेग्मीले मालपोत र नापीप्रति सर्वसाधारणमा रहिरहेको नकारात्मक भावलाई सकारात्मक छविका रूपमा रुपान्तरण गर्ने वातावरणका साथ काम गर्न निर्देशन दिनुभयो ।

मालपोत र नापी कार्यालय कलङ्कीको आकस्मिक निरीक्षणपछि उहाँले भन्नुभयो, "भूमि प्रशासनप्रको सेवा सबै नागरिकसँग कुनै न कुनै रूपमा जोडिने भएकाले सेवा प्रवाहमा सुधार गरी सबै कर्मचारीले आफ्नो दक्षता र क्षमताको पूर्ण उपयोग गर्नुस् ।"

मन्त्रालयका सहसचिव निराजन घिमिरेले कार्यालयको सेवा प्रवाहलाई गुनासोरहित बनाउन र सेवाग्राहीको भनाइ आदरतापूर्वक सुनिदिने वातावरण विकास गर्न जरुरी रहेकाले सोहीअनुरुप काम गर्न निर्देशन दिनुभयो । नापी कार्यालय कलङ्कीका प्रमुख हरिकृष्ण सुवेदीले सेवाग्राहीलाई सन्तुष्टि हुने गरी सेवा प्रवाह गर्नु कार्यालयको प्रमुखको जिम्मेवारी भएको बताउनुभयो । नापी कार्यालयका प्रमुख खिम रानाले नापी कार्यालयले सदाचारसहितको सेवा प्रवाहलाई मूलमन्त्र बनाई अगाडि बढिरहेको र भूमि प्रशासनको सेवामा आँच नआउने गरी काम गर्ने अठोट गर्नुभयो ।रासस


## जग्गा बिक्रीमा

**कित्ता नं.** २९१ **क्षेत्रफल** ०-८-८
**कित्ता नं.** २९४ **क्षेत्रफल** ०-८-६
**कित्ता नं.** ६६२ **क्षेत्रफल** ०-२-०
**कित्ता नं.** ६६३ **क्षेत्रफल** ०-४-१८.१४
**कित्ता नं.** ६६४ **क्षेत्रफल** ०-१-७.५
**कित्ता नं.** ६६५ **क्षेत्रफल** ०-७-१२.५
**कित्ता नं.** ९४ **क्षेत्रफल** ०-०-१२

**ठेगाना** : मिथिला नगरपालिका -९, धनुषा (साबिक बैंगाडावर-६)
**नजिकको लोकेसन** : न्यू होराईजन सेकेन्ड्री इङ्गलिश बोर्डिङ्ग स्कुल, महेन्द्र राजमार्गबाट १ कि.मि पश्चिम र सबै कित्ता एउटै प्लटमा जोडिएको छ ।

**जग्गा धनीको सम्पर्क नं. : ९८४०७५६८७३, ९८०८७८७१९६**


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# युवाको हातमा साँचो दिन्छौं : बस्नेत

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका केन्द्रीय सदस्य तथा युवा संघका अध्यक्ष महेश बस्नेतले पार्टीले युवाको हातमा देशको साँचो दिइने अवधारणा ल्याउने बताएका छन् ।



शुक्रबार जनकपुरधाममा राष्ट्रिय युवा संघ धनुषा जिल्ला कमिटीका सातौं साधारणसभामा उनले सो कुरा बताएका छन् ।

'एमालेले एउटा दुई पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने अवधारणा ल्याउने तयारीमा छन्,'उनले भने,'देश विकासको लागि युवाको हातमा साँचो दिनुपर्ने समय आएको छ ।'

एमालेको पुस्तान्तरण अवधारणाले ७० वर्ष नाघेका अधिकांश नेताहरुलाई सक्रियबाट विदा गर्ने उनले बताए । तर, वरिष्ठ राजनीतिज्ञको सल्लाह लिएरै देशहितमा काम गर्ने उनको भनाइ छ ।

'हामी परिवर्तन गर्ने रणनीति ल्याउँदै छौं । तीन पटक भन्दा बढी मन्त्री हुन नपाइने,चार पटक भन्दा बढी सांसद हुन नपाइने जस्ता रणनीति ल्याउछौं,'उनले भने,' यसकारण अब युवाले जिम्मेबार बन्नुपर्ने छ । देशको साँचो बोक्न सक्ने क्षमता बनाउनुपर्छ ।'

एमाले वर्तमान समयमा सत्ताको फोहोरी खेलबाट अहिले टाढा रहने उनले बताए । जनताको बीचमा गएर आगामी निर्वाचनबाट पहिलो शक्ति बन्ने उनको विश्वास छ । मधेशलगायतका क्षेत्रमा अधुरो रहेका विकासका कामकाज र अभियानलाई पुनः सुरु गरेर देशलाई समिद्धिको बाटोतर्फ लम्नुपर्ने उनले बताए ।

सातौं अधिवेशनले राष्ट्रिय युवा संघ धनुषाको अध्यक्षमा रोशन यादव चयन भएका छन् । उनको नेतृत्वमा रहेको संघमा उपाध्यक्ष पदमा रिता कुमारी साह, सचिवमा संजय यादव, सह-सचिवमा सुजीत शर्मा, अर्का सह-सचिवमा राजेश यादव र कोषाध्यक्ष पदमा राजेश सहनी रहेका छन् ।

# अत्याधुनिक नाटक घर बन्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नगरपालिका -८, ढल्केवरमा अत्याधुनिक नाटक घर बन्ने भएको छ । कला संस्कृतिको प्रवर्धन गर्ने उद्देश्यले निर्माण गर्न लागिएको सो नाटक घरको शिलान्यास गरिएको छ ।



शुक्रबार मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले नाटक घरको शिलान्यास गरेका छन् । नगर प्रमुख महतोले शिलान्यासमा मात्रै सीमित नराखी छिटोभन्दा छिटो नाटक घर निर्माण गर्न सुझाव दिए । समाज परिवर्तनमा नाटकको महत्वपूर्ण भूमिका हुने हुँदा नाटक घर बनाउन नगरपालिकाबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत उनले बताए ।

मिथिला नगरपालिकाले उपलब्ध गराएको तीन कठ्ठा क्षेत्रफलमा आधुनिक शैलीमा निर्माण हुने नाटक घर बन्न लागेको छ । मधेश प्रदेशमा ख्याती कमाएका रोचक एण्ड घोचक नाट्य समूहले सो नाटक घर बनाउन लागेको छ ।

करीब एक करोड रुपैयाँको लागतमा चारसय सिट क्षमताको सुविधा सम्पन्न नाटक घर निर्माण हुने रोचक एण्ड चोचक नाट्य समूहका अध्यक्ष प्रदीप महतोले बताए । नाटक घरमा प्रकाश, ध्वनिको उच्चतम प्रविधिको प्रयोग गरिने छ ।

अध्यक्ष महतोले मधेश प्रदशकै सबभन्दा ठूलो नाटक घर बन्ने बताउँदै निर्माणमा लाग्ने खर्च स्थानीय तह तथा विभिन्न दातृ निकायबाट सहयोग सङ्कलन गरिने बताए । मिथिला नगरपालिका- ८ का वडाध्यक्ष वीरेन्द्र महतोले वडा विकास योजनाबाट उपलब्ध गराएको पाँच लाख रुपैयाँबाट निर्माण सुरु गरिने जानकारी दिए ।

# अन्धविश्वासका कारण 'दलित' बस्तीमा त्रास

**टूडे समाचारदाता**

सर्लाही । सर्लाहीको चन्द्रनगर गाउँपालिका-३ बडकुर्वा वस्तीमा दुई महिनाको अवधिमा पाँच जनाको मृत्यु भएपछि गाउँमात्रास फैलिएको छ । मलंगवादेखि १७ किलोमिटर उत्तरमा अवस्थित बडकुर्वा गाउँमा प्रायःमुसहर जातिको बाक्लो वस्ती रहेको छ । बस्तीका चार पुरुष र एक महिलाको एकपछि अर्को गर्दै ज्यान गएपछि 'भूइया देउता' रिसाएका कारण गाउँमा अनिष्ट भएको भन्ने अन्धविश्वासकाकारण गाउँमा त्रासको अवस्था आएको छ ।

५५ वर्षीयद्धय केउला माझी, सोमीन्दर माझी, ५० वर्षीय नन्दु माझी, ४८ वर्षीय चेतनारायण माझी र २२ वर्षीय तिलाई माझीको अज्ञात रोगबाट मृत्यु भएको थियो । नैनदेवी माझीले मृतकका पति चेतनारायण बेलुका खाना खाएर निदाउन लाग्दा अचानक रगत बान्ता गरेर प्राण त्यागेको बताइन् । उनले थपिन्, 'पतिलाई उपचारका लागि स्वास्थ्य चौकी लैजान लाग्दा तत्कालै घरमै मृत्यु भयो ।'

माझी परिवारको कूल देवता रिसाउँदा गाउँमा यस्तो घटना भइरहेको भन्ने उनीहरुको गहिरो अन्धविश्वास छ । तराईको अतिपिछडिएको दलित समुदाय अन्तर्गत पर्ने मुसहर समुदायले भूइया महाराजको बर्सेनि पूजा गर्ने गर्छन् ।

गाउँभर चन्दा उठाएर डेढ लाख रुपैयाँ खर्चिएर फागुन १९ गते सामूहिक भूइया महाराजको पूजाअर्चना गरेको स्थानीय र मरतिया देवी माझीले बताइन् । चन्द्रनगर गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख अमृत चौधरीले उनीहरुको मृत्युको कारण बारेमा खोजतलास भइरहेको जानकारी दिए ।

उनले भने, 'प्रारम्भिक जानकारीका अनुसार, तीन जनाले अत्यधिक रक्सी सेवन गर्ने गरेको र एक जनाले उच्च रक्तचापको औषधि सेवन गरी बीचमा औषधि खान छाडेको पाइयो ।'

उनले थपे, 'बस्तीमै पुगेर बुझ्दा केउला माझीले उच्च रक्तचापको औषधि खाएर बीचमा छाडेको, चेतनारायण माझी क्षयरोग (टिबी) बाट मुक्त भइ बीचमा स्वस्थ्य भइसकेको र तिलाई माझी, नन्दु माझी र सोमिन्दर माझीले अत्यधिक रक्सी सेवनगर्ने गरेको पाइएको छ ।'

चन्द्रनगर गाउँपालिका-३ बडकुर्वा स्थित आधारभूत स्वास्थ्य केन्द्रका प्रमुख ब्रह्मदेव साहले मुसहर वस्तीका वासिन्दा मध्ये ३० जनाको खकार परीक्षण तथा अनुसन्धानका लागि स्वास्थ्य कार्यालय मलंगवा, प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुर पठाइएको सो ३० नमुना खकार मध्ये पाँच जनाको खकारमा स्पष्ट रगत देखिएको बताए । उनले थपे, 'खकार परीक्षणको रिपोर्ट आइतबार आउँछ ।'

लालवन्दी नगरपालिका-६ का समाजसेवी लक्ष्मी प्रसाद पौडेलले मधेशको अति पिछडिएको वर्गमा पर्ने मुसहरहरुको चेतना स्तर बढाउन स्थानीय निकायले ढिलो गर्न नहुने बताए ।

# विपद् व्यवस्थापन बारे सुझाव संकलन

**मनोज माझी**

राजविराज । राजविराज नगरपालिकाले विपद् व्यवस्थापनको बारेमा कसरी काम गर्ने सम्बन्धी वडा स्तरबाट सुझाव संकलन सुरु गरेको छ ।

आगामी आर्थिक वर्षका लागि तयार गरिने नीति निर्माण तथा बजेटमा विपद् व्यवस्थापन सम्बन्धी योजना समावेश गर्नु पूर्व यसरी सुझाव संकलन गर्न सुरु गरिएको छ ।

मुख्य बजार क्षेत्र पर्ने वडा नम्बार -४ बाट शुक्रबारदेखि सुझाव संकलन कार्यक्रमको सुरुवात गरिएको छ ।



वडाध्यक्ष दिनेश कुमार साहको अध्यक्षतमा आयोजित विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी भेला तथा छलफल कार्यक्रममा स्थानीय जनप्रतिनिधि तथा ज्येष्ट नागरिकहरुले ३० वर्ष पहिलेको विपद्को अवस्था र त्यसपछि हालसम्मको अवस्था बारे तुलनात्मक सुझावहरु दिएका छन् ।

राजविराज नगरपालिकाबाट सहजकर्ताको रुपमा खटिएका रवीन्द्र साह र रञ्जिता यादवले विपद् व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्दा विगतका अनुभव र वर्तमानको अवस्था बुझ्न आवश्यक ठानेर यसरी सबै वडामा पुगि राय सुझाव संकलन थालिएको बताए । कार्यक्रममा सहभागीहरुले विगतको तुलनामा अहिले वस्तीहरु अत्यधिक बढे पनि बाटोघाटोको अभावमा अहिले पनि विपद्का बेला कतिपय गाउँ टोलमा एम्बुलेन्स, बारुणयन्त्रलगायतका सवारीसाधन पुग्न नसक्दा बढी क्षति हुने गरेको धारणा राख्दै यसतर्फ आवश्यक पहल गर्नुपर्नेमा जोड दिए ।

यस्तै,विपद्का बेला नियन्त्रण गर्न श्रोत साधनको अभाव र विस्थापितहरुलाई आश्रयका लागि भवन नहुँदा समस्या हुने गरेकाले वडा कार्यालयहरुलाई विपद् जोखिम न्यूनीकरण र नियन्त्रणका लागि आवश्यक पर्ने सामग्रीहरुले सुसज्जित बनाउनुका साथै प्रत्येक वडामा एउटा व्यवस्थित सामुदायिक भवन निर्माण गर्नुपर्ने सहभागीहरुले सुझाव दिएका छन् ।

कार्यक्रममा शीतलहर, बाढी, आगलागीलगायतका विपद् बाट हुने भौतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्न तथा राहत उद्दारलगायतका कार्य कसरी प्रभावकारी रुपमा अघि बढाउन सकिन्छ भन्ने विषयमा व्यापक छलफल गरी सुझाव संकलनसमेत गरिएको छ ।

कार्यक्रममा समाजसेवी चन्दन चौरसिया, गाणेशकुमार आस, जितनी रजक, अयुब सिद्धिकी, तैयब अन्सारी, प्राध्यापक अजय शुक्ला, वडा सचिव ओमप्रकाश साह, पत्रकारलगायतले आ-आफ्नो सुझाव प्रस्तुत गरेका थिए ।

# बसको ठक्करले बालकको मृत्यु

**टुडे समाचारदाता**

कलैया । बाराको कलैयामा स्कुल बसले ठक्कर दिँदा ३ वर्षीय एक बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको कलैया उपमहानगरपालिका-१ मोतीबागका विनोद साह सोनारका ३ वर्षीय छोरा कार्तिक साह सोनार रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान वीरगञ्जस्थित गुरुकुल एकेडमीको ना २ ख ४२१० नम्बरको बसको ठक्करबाट उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए ।

ठक्कर दिने चालकलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# दुईपक्षबीच झडपमा ३ जना घाइते

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा दुईपक्षबीच झडप हुँदा ३ जना घाइते भएका छन् । रुपनी गाउँपालिका-२ पिपराही टोल बस्ने सूर्यनारायण यादवर र शुभनारायण यादव पक्षबीच झडप भएको छ ।

ऐलानी जग्गाको विषयमा विवाद भएर झडप हुँदा शुभनारायणका छोराद्वय २० वर्षीय प्रबेश कुमार यादव र १८ वर्षीय चिनु भन्ने मिथिलेश यादव घाइते भएका छन् ।

यस्तै सूर्यनारायणका छोरा २४ वर्षीय सन्तोष यादव पनि घाइते भएका छन् । उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको र घटना विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

# धान खरिद गर्ने गति सुस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरको धान खरिद गर्नेको गति सुस्त देखिएको छ ।



नेपाल सरकारले सो कार्यालयलाई यस वर्ष १५ हजार क्वीन्टल धान खरिद गर्ने लक्ष्य दिएकोमा हालसम्म ९६४ दशमलव २५ क्वीन्टल धान मात्र खरिद गरेको छ ।

यस वर्ष अहिलेसम्म ३० लाख १६ हजार १७४ मूल्य बराबरको धान मात्र खरिद गर्न सकेको कम्पनीले जनाएको छ । सरकारले यस वर्ष किसानको सोनामन्सुली धानप्रति क्वीन्टल ३ हजार १२८ रुपैयाँ मूल्य तोकेको छ ।

कम्पनिले यस वर्ष धान खरिद प्रक्रिया नै झन्झटिलो भएकोले लक्ष्य अनुसार धान खरिद गर्न नसकिएको जनाएको छ । कृषि ज्ञान केन्द्र धनुषाको प्रमुख शंकर साहको संयोजकत्वमा गठित समितिले धान खरिद गर्दा किसानहरुले जग्गा धनिको लालपुर्जा र बैंकमा खाता खोलेको हुनुपर्ने नियम अनिवार्य लागु गरेपछि किसानहरुले झन्झटिलो प्रक्रियाको कारण खाद्य व्यवस्थालाई धान नबेची निजी गल्ला व्यापारीलाई धान बेचेकाले यस पाली लक्ष्य प्राप्ति हुन नसकेको सो कार्यालयका सूचना अधिकारी रामपुकार मण्डलले बताए । सुरुमा कम्पनीले गत वर्षमा खरिद गरिएको धान अझै गोदाममै रहेको भन्दै किसानहरुको धान खरिद गरिरहेको थिएन । कम्पनीले धान खरिद नगरेपछि यस क्षेत्रका किसानहरुले बाध्य भएर कम मूल्यमा गल्ला व्यापारीहरुलाई धान बेच्न बाध्य भएका थिए ।

अघिल्लो आर्थिक वर्षमा १५ हजार क्वीन्टल धान खरिद गर्ने लक्ष्य लिएको १६ हजार ६६८ क्वीन्टल धान खरिद भएको थियो । स्थानीय गल्ला व्यापारीले किसानहरुसंग उधारोमा धान खरिद गर्दा किसानहरु खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई धान बेच्दा नगदमा रकम आउने गरेको भए पनि यस वर्ष धान बिक्री गर्ने प्रक्रिया झन्झटिलो भएकोले अधिकांश किसानहरु मारमा परेका छन् । जवकी अरु जिल्लामा रहेको सो कार्यालयहरुले एउटा किसानसंग बढीमा ६५ क्वीन्टलसम्म धान खरिद गरेको देखिन्छ ।

# कुकुरको आतंक

**टुडे समाचारदाता**

राजविराज । बहुला कुकुरले टोकर राजविराजमा शुक्रबार एकै दिन एक दर्जन भन्दा बढी घाइते भएका छन् । घाइते हुनेहरुमा अधिकांश बालबालिका छन् ।



बिहान ६ बजेदेखि नै बहुला कुकुरले आंतक मचाउन सुरु गरेको स्थानियले बताएका छन् । स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक कक्षका अहेब विजयकान्त झाका अनुसार बिहान ६ बजेदेखि साँझ ६ बजेसम्ममा बहुला कुकुरले टोकेर घाइते भई उपचार गराउन आउनेको संख्या १३ पुगेको छ । त्यसमध्ये अधिकांश बालबालिका छन् ।

चार/पाँच वटा बहुला कुकुरले बिहानैदेखि जनआन्दोलन चौक, गजेन्द्र चोक, सिरहा रोड र हटिया बजारमा आंतक मचाएको स्थानीय विजय साहले बताए । बहुला कुकुर अत्यन्त ब्यस्त बजार मानिएको हटियामा प्रवेश गरी आंतक मचाउन थालेपछि किनमेलका लागि आएका सर्वसाधारणहरुमा त्राश देखिएको थियो । अस्पतालका अनुसार बहुला कुकुरको टोकाइबाट घाइते भई उपचार गराउन आउनेहरुमा राजविराजका अनुपमा खड्गा, जानकी खडगा, दुर्गादेवी मुखिया, अक्षरत साह, साक्षि साह, गणेश चौहान, शिवा साह, सावित्रि साह छन् ।

यस्तै किनमेलका लागि राजविराज आएका छिन्नमस्ता गाउँपालिकाका प्रतिक कुमार झा र कृती कुमारी झा पनि घाइते भएकी छिन् । घाइते सबैलाई एन्टिरेबिज भ्याक्सिन लगाउनुका साथै आवश्यक उपचार गरिएको सो अस्पतालले जनाएको छ । बहुला कुकुरले आंतक मचाएपछि स्थानियले अविलम्ब यसको नियन्त्रणका लागि पहल गर्न नगरपालिका र स्थानिय प्रशासनसँग माग गरेका छन् ।

# मैत्रीपूर्ण खेल सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । फेनिक्स अन्तर कलेज क्रिकेट प्रतियोगिता अन्तर्गत मैत्रीपूर्ण खेल सम्पन्न भएको छ । शुक्रबार बाह्रविघा मैदानमा दुई वटा मैत्रीपूर्ण खेल भएको छ।



पहिलो खेलमा नेपाल पत्रकार महासंघ धनुषा टिम सात विकेटले आयोजकसँग पराजित भएको छ । टस जितेर ब्याटिङ गरेका पत्रकार टिम निर्धारित २० ओभर खेल्दै सबै विकेट गुमाएर ९८ रनको लक्ष्य आयोजक समक्ष प्रस्तुत गरेका थिए । पत्रकार टिमको लागि सन्दिप साहले सार्वधिक ३७ बलमा २८ र राहुल सिंहले १५ रन बनाएका थिए । आयोजकको तर्फबाट आशीष झाले र आकाश पाण्डेले तीन/तीन विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेका आयोजकले १२ औं ओभरमा तीन विकेट गुमाएर लक्ष्य पूरा गरेका थिए । यस टिमको लागि आकाश पाण्डयले सार्वधिक ४३ र अमन यादवले १८ रन बनाएका थिए । पत्रकारको तर्फबाट बलिङ गरेका धनश्याम मिश्राले दुई र संदिप साहले एक विकेट लिएका थिए ।

यस्तै, दोस्रो मैत्रीपूर्ण खेलमा एमबीबीएस चिकित्सकले ४२ रनले दन्त चिकित्सकलाई पराजित गरेका छन् । टस जितेर एमबीबीएस चिकित्सकले ब्याटिङ गरेका थिए । यस टिमले १८ ओभरमा पाँच विकेट गुमाएर एक सय ३४ रन बनाएका थिए । टिमका लागि ब्याटिङ गर्दै डा. जितेन्द्र सिंहले २८ र डा शैलेन्द्रले १४ रन बनाएका थिए । दन्त चिकित्सकको तर्फबाट बलिङ गरेका अमित सिंहले दुई विकेट लिएका थिए । जवाफी ब्याटिङ गरेका दन्त चिकित्सकहरु १५ ओभर चार बलमा सबै विकेट गुमाएर मात्र ९२ रन बनाउन सकेका थिए । यस टिमको लागि दोहोरो अंकमा रन कुनै ब्याटस् म्यानले बनाउन सकेनन् । एमबीबीएसको तर्फबाट बलिङ गरेका डा.शैलेन्द्र सिंहले तीन र डा हेमन्तले दुई विकेट लिएका थिए ।

यस प्रतियोगिताको दुबै सेमिफाइनल खेल शनिबार (आज) हुन लागेको छ । राजर्षि जनक र वीपि मिमोरियलबीच पहिलो सेमिफाइनल हुने छन् भने सोही दिन दोस्रो सेमिफाइनल मोनाष्टिक र श्रीराम कलेजबीच हुने छन् । यी खेलमा विजयी हुने टिम अगामी सोमबार उपाधिको लागि प्रतिस्पर्धा गर्नेछन् ।


## मधेश कृषि विश्वविद्यालय
### राजविराज न.पा.– ३, मधेश प्रदेश, नेपाल

## कोर्श करारमा शिक्षक लिने सम्वन्धमा सूचना

यस मधेश कृषि विश्वविद्यालयको B.Sc.Ag. Hons को पठनपाठनका लागि Agronomy, Horticulture, Soil Science, Microbiology, Crop Physiology, Biochemistry, Animal Science/ Animal Husbandry, Rural Sociology, Food and Nutrition तथा Physical Education and Yoga का केही शिक्षकहरु एक शैक्षिक सत्रको लागि कोर्श करारमा लिनुपर्ने भएकोले सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उतिर्ण गरेको इच्छुक अनुभवी शिक्षक/विज्ञहरुलाई आफ्नो वायोडाटा र निवेदन mau@mau.edu.np मा २०७९/१२/१० गते शुक्रवार रातिको १२:०० वजेसम्म पठाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित विषयको Ph.D. लाई प्राथमिकता दिइने छ । पारिश्रमिक विश्वविद्यालयको नियमानुसार हुनेछ ।

**नोट**:- शर्ट लिस्टेड (Short Listed) शिक्षक/विज्ञहरुले सम्बन्धित विषयको आफूलाई मनपरेको शीर्षकमा ३०(तीस) मिनेटको प्रस्तुतीकरण गर्नु पर्नेछ ।

**उपकुलपति**

# जनकपु टुडका फबुक पजमा विभिन्न पाठकहरूल पठाएका कविता/गजलहरू

## नेपाल

नेपाल सुन्दर प्यारो देश
मायाले हाल्यो विश्वकै भेस ।
भाग हिमाल पहाड तराई
सबले गर्छ सबैको भलाई।।
गौतम बुद्ध यहीँको छोरा
विश्वमै सुन्दर पोखरा यहाँ।
नेपाल हाम्रो जातिकै धनि
प्रेमले बस्छन् एकता बनि।।
जानकी जन्म जनकको राज्य
नेपलकै कोना कर्मको भाग्य।
पशुपतिले लिन्छ सबैको ध्यान
कर्ममा जुट्ने भेट्छ ज्ञान।।
विश्वमै ठुलो पर्ने सागरमाथा
सबैले चिन्ने यहिँको राम गाथा।
लालिगुराँस कै यहाँ बत्तिस रङ्ग
मानवताले पुर्ण सबैको ढङ्ग ।।



**नाम:- चाँदनी कुमारी यादव**
**अध्ययन:- मोनाष्टिक कलेज जनकपुरधाम**
**(कानुनी संकाय विधार्थी)**
**ठेगाना :- जनकपुरधाम उपमहानगरपालिका, वकिल टोल**

## म लाउरे

१.प्यारो छैन् प्राण मेरो , देशकै लागी मर्छु।
स्कदो प्रयास जारी मैं छ , जति सके लड्छु।।
पाइला पछि हुनेछैन् , जित्न कोषिष गर्छु।
रगतमैं हाम्रो विरता बगछ , लड्दै अघि बढ्छु।।
२.घरबाट त हुन्छौ टाढा , चिन्ता राष्ट्रीयको हुन्छ।
मर्न , मार्न तैयार बस्छौ , सहिदभए राष्ट्रीय रुन्छ।।
नियमको विपरित जादा , कार्वाही गर्ने पर्छ ,
दोषीलाई छुट्याउनै गाह्रो , आफ्नो मान्छे कुन्छ।।
३.खाना त भेटाउछन् तर घर जस्तो स्वादिष्ट हुदैन्।
जे बनेनि खानै पर्छ , मन पर्ने खानाको लिस्ट हुदैन्।
कहिल्यै समयमै खाजा भेट्छ कहिल्यै भोकै बस्छु।
हुदैन् तपाईको हातको स्वाद आमा,
त्यस कारण स्वादिष्ट हुदैन्।
४.घुमि-घुमी काम हुन्छ,
कहिल्यै यता त कहिल्यै बोडर पारी।
कोही रहरले त कसैको बाध्यता हुन्छ,
हुन्छ कान्धमा जिम्मेवारी।
तिस बर्षे जागीरमा कहाँ बाच्छु,
कहाँ मर्नुपर्छ थाहा हुदैन् साथि,
कोही रमाएर कार्य गर्छन् त कसै कसैको संघर्ष पनि हुन्छ जारी।।
५.घाम , वर्षा , हिलो , हुरि-सँग मित्रता छुट्नेछैन्।
हिमाल जस्तै अटल बस्ने,
मेरो घाटी झुक्नेछैन् । ।
मर्न पनि सक्छु आमा, राष्ट्रीयताको लडाईमा,
हार्छु जित्छु जिवन सित,
मेरो हौसला टुट्नेछैन् ।।
६.फर्कि आउछु घर आमा,
तिस वर्षे जागीर बित्नदेउ,
सुखी हुन् आमा यदी म मरि गए,
राष्ट्रीयको बचावमा आजै मलाई मिट्न्देउ ।



**लेखक : राजन झा (Rj Vatsya)**
**पिपरा गा.पा.-०५, सहोडवा**

## विद्यालय जाने

जब म बिहानै उठे
आफ्नो समानै छुटे ।।
कापी,कलम,किताब
म सानै उमेरमा बोके ।।
अब छुट्ने त केही छैन
तर झोला म आफ्नै छुटे ।।
ढिलो नै भयो स्कुल जान
सरले पनि मलाई बिहानै पिटे ।।
सरले भन्यो किन भयो ढिलो
पहिलो दिनमै म ढिलो नै उठे ।।



**लेखक-श्रवण कुमार कापर**
**ठेगाना -जनकन्नदनी ग.पा ५( पतनुका )**
**हाल श्री शंकर मा.बि (कक्षा १०)**

## गजल

लुच्चा लफडा सँ दुनियाँ संसार डरै है
प्यार मोहब्बत सँ दुनियाँ संसार चलै है
लोक जख्म पर जख्म दैइ छै आई काल्हि
भगवान एहन इन्सान क्या गरहै है
एक भाई उन्नति प्रगति करै त दोसर जलै छै
एना कैला भाई भाई देख भाई सरै है
आब महगाई के कारण लोक परेशान अछि
अकाल मे कते ओहने मरै है
धनेश्वर के जिन्दगी विदेश मे बित गेलै
तैयो नै गारजियके पैसा सँ मन भरै है



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## माटिक सिनेह

माटिये देहियाँ, माटिये सिनेहिया
माटियेमें नित्त गुर्कैछी
अपनहि खेतवारीकैँ उब्जल
दालि-भात हम सुर्कैछी
आम, लताम आ केरा, कटहर
तरुआ तिमन् लागे चहट्गर
कोशी, कमला अमृत जल पीबी
मिथिलेक माटिमे हुर्कैछी
अपनहि खेतवारीकैँ उब्जल
दालि-भात हम सुर्कैछी
जय हौ कारिख, जय हौ सोखा
जय हौ दिना'भद्री जय
जय कहैछी ऋषि मुनीकैँ
जय जय हौ 'सल्हेश' कि जय
हर कोदारिमें जान हमर अइ,
मिथिला तत्वमें प्राण हमर अइ,
प्राण हमर क्यो बाँटू नहि,
कन्फुस्की द' लहाटू नहि,
हमछी (मैथिल) चीर क' निक्लब
लोग' बले नहि खुर्कैछी
अपनहि खेतवारीकैँ उब्जल
दालि-भात हम सुर्कैछी
इहे तिर्हुत, इहे मधेस
इहे मिथिलाकेर गौरब छै
सदा सद्भाव जनक के नगरी
नहि रावण नहि कौरव छै
हम नै कहियो लोग' सूनल
दोसर दलमे ढुर्कैछी
अपनहि खेतवारीकैँ उब्जल
दालि-भात हम सुर्कैछी



**- विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**अर्नमा -३ लाल्पुर, सिरहा नेपाल**

॥ दोबाटो ॥

कमाउने होडबाजि सबैलाइ छ
गन्तब्य कसैलाई थाह छैन
कोहि पढाइमा तल्लिन्छ
कोहि ब्यापारमा मग्न छ
गन्तब्य कसैलाई थाहा छैन
पढिलेखि पनि कमाउने नै होडबाजि
मजदुरि ब्यापारि गरेर पनि कमाउने नै होडबाजि
पुँजि लगानि को खेल हो सब
कोहि लगन मा छ कोहि मगनमा छ
महिनत को फल मिठो हुन्छ
कर्म गर्दै जौ मर्म बुझ्दै जौ
घाटा नाफाको यो जिन्दगी
दोबाटोमा सबै अल्झेको छ
कोहि घाटामा दुखि छ
कोहि नाफामा मग्न छ
कमाउने होडबाजि सबैलाइ छ
गन्तब्य कसैलाई थाहा छैन



**प्रमोद राम**
**जनकपुर ९**

## स्वतंत्रता र अधिकार

यो दुइभाई लुकेका छन्।
धेरैले खोज्दैछन्,
म पनि खोजें,
बहुसंख्यकको अगाडी अल्पसंख्यकमा खोजें,
पुरुषप्रधान मानसिकतामा महिलामा खोजें,
झण्डाभएको टेबलको अगाडी सेवाग्राहीमा खोजे,
जमीनदार नीर लाचारमा खोजे,
बेहुलाको बाउ नीर केटिको बुवामा खोजे,
आफुलाई ठुला जात ठान्ने निर दालितमा खोजे,
कतै भेटेन तर खोज्दै गए,
आषाढ़मा कृषकमा खोजे,
नेताको अगाडी जनतामा खोजें,
ठिक्केदारको अगाड़ी कामदारमा खोजे,
पेटमा भएको बालिकामा खोजे,
खोज्दै जाँदा ,बल्ल मैले पाए,
यिनी त शक्तिको खुट्टामा खसेका छन्,
टोलटोलमा, सिंघहरुको दरवारमा पसेका छन्।



**लेखक उपेन्द्र ठाकुर**

# आज पीडा भए भोलि राम्रो हुने अनमोलको विश्वास




काठमाण्डु । महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले कहीँ भनेका थिए, 'यदि कुनै व्यक्ति कहिल्यै असफल भएको छैन भने त्यसको अर्थ उसले आफ्नो जीवनमा कहिले केही नयाँ गर्ने कोसिस नै गरेको छैन ।' यसैले असफलता जीवनको एउटा वास्तविकता हो, जसको सामना सबै मानिसले आफ्नो जीवनकालमा गर्नुपर्छ । यसबाट कोही भाग्न सक्दैन । 'मेगास्टार' कहलिएका अनमोल केसी पनि सकेनन् ।

उनले आफ्नो फिल्मी करिअरमा असफलता भन्ने कुरा उत्तिसाह्रो महसुस नै गरेका थिएनन् । उनको फ्लप भनिएका फिल्मले समेत डिजिटल राइट्स र ओभरसिज राइट्सबाट निर्माताको लगानी उठाएका थिए । यसैले उनलाई सफलताको मानक मानिन्थ्यो । तर, गत फागुन १९ गते प्रदर्शनमा आएको फिल्म 'छड्के २'ले उनलाई पहिलो पटक असफलताको वास्तविक स्वाद चखाइदिएको छ ।

फिल्मको घरेलू बजारमा यो हदसम्म विजोग भयो कि दर्शक नभएर प्रायः शो 'क्यान्सिल' नै भए । प्रदर्शनको एक हप्ता पनि नपुग्दै हलबाट उत्रियो । अनमोलका फिल्मले पहिलो पटक यो हविगत बेहोरेको हो । यति ठूलो असफलताले अनमोललाई मात्र झट्का दिएन, फिल्म इन्डस्ट्री नै स्तब्ध बन्यो । 'छड्के २' नचलेपछि अनमोलले आफू परिपक्व हुन नसकेको भन्दै स्वीकारोक्ति व्यक्त गरे ।

यतिबेला उनी फिल्म 'जेरी अन टप'का लागि तयारी गरिरहेका छन् । फिल्मको टिमसँग पोखरा पुगेका उनले बिहीबार इन्स्टाग्राममा 'छड्के २'को असफलताप्रति इंकित गर्दै आशावादी भावमा लेखेका छन्, 'कहिले काहीँ आजको दिन केही पीडादायी हुनसक्छ र भोलिको दिन केही राम्रो हुनसक्छ ।' अनमोलले आज आफू पीडामा भए पनि भोलि राम्रो हुने आशय व्यक्त गरेको बुझ्न सकिन्छ ।

# 'परालको आगो' का निर्देशक प्रताप सुब्बाको निधन



काठमाण्डु । मौलिक नेपाली फिल्मका प्रणेता मानिने निर्देशक प्रताप सुब्बाको निधन भएको छ । दार्जिलिङमा बस्दै आएका उनको अस्पतालमा उपचारको क्रममा बिहीबार विहान ७५ वर्षको उमेरमा निधन भएको हो । सन् १९४७ मा दार्जिलिङमा जन्मिएका सुब्बाले ७ वटा फिचर फिल्म, ६ वटा वृतचित्र, ५ वटा भिडियो फिल्म, १३ वटा टेलिफिल्म र ५ वटा नाटकको निर्माण तथा निर्देशन गरेका छन् ।

दार्जिलिङबाट 'परालको आगो' बनाएका प्रताप सुब्बाले 'बाँच्ने चाहने', 'कहीँ अँध्यारो कहीँ उज्यालो', 'भीष्म प्रतिज्ञा' जस्ता फिल्मको निर्देशन गरेका छन् । 'परालको आगो' नेपालबाहिर बनेको पहिलो मौलिक फिल्म थियो । ४० को दशकमा नेपाल आएका सुब्बा केही फिल्म र टेलिफिल्म बनाएर ५० को दशकमा दार्जिलिङ फर्किए । त्यसपछि उनले फिल्म निर्माण तथा निर्देशन गरेका छैनन् ।

अघिल्लो वर्ष नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को चौंथो संस्करणमा फिल्म निर्माण तथा निर्देशनको अनुभव साट्न नेपाल आउने क्रममा उनले अहिले नेपाली फिल्महरुमा अस्वस्थ प्रतिस्पर्धा रहेको गुनासो व्यक्त गरेका थिए । उनले भनेका थिए, 'पहिले फिल्महरुबीच स्वस्थ प्रतिस्पर्धा थियो । अचेल फिल्ममा अस्वस्थ प्रतिस्पर्धा छ ।

# चैत्र ३ बाट सरेर 'टुल्की' जेठ १२ मा पुग्यो

काठमाण्डु । बहुपति प्रथामा आधारित भएर निर्माण भएको फिल्म 'टुल्की'को प्रदर्शन मिति हेरफेर भएको छ । यही चैत ३ गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा अब २ महिना पछाडि गर्दै आगामी जेठ १२ गतेबाट फिल्म प्रदर्शनमा आउने भएको छ ।

यो फिल्मले अघिल्लो वर्ष नेपाल ग्रामिण चलचित्र महोत्सव (नेरुफ)मा उत्कृष्ट फिचर फिल्म र 'स्क्रिनप्ले' गरी दुईवटा अवार्ड जित्न सफल भएको थियो । 'द पाल्म ग्रुप'को ब्यानरमा निर्माण भएको फिल्मलाई हिमाली जिल्ला डोल्पामा छायांकन भएको हो । देवजङ्ग थापाद्वारा निर्देशित फिल्ममा सुशील अधिकारी र नमराज घिमिरेको छायांकन छ ।

शेखर लामाको प्रस्तुतिमा निर्माण भएको फिल्ममा आरपी कर्माचार्य र उजेली लामा निर्मातामा छन् । फिल्मको कथा लक्ष्मण सुनारले लेखेका हुन् भने पटकथा लेखन निर्माता शेखर लामा स्वयंको छ । तारा थापा 'किम्भे'को सम्पादन, संजिव सुब्बाको पार्श्व संगीत, लिगेश भट्टराई तथा रमेश बुढाथोकीको कोरियोग्राफी रहेको फिल्ममा शिशिर वाङ्देल, स्वस्तिमा कार्की, सोफिया लिम्बु, नरेन्द्र तामाङ, शेखर लामा, सौजन सुब्बा, भक्तसिंह कठायत, सोम लामा, रत्नप्रसाद न्यौपानेलगायतको अभिनय छ । यो फिल्मलाई अभिनेत्री सुहाना थापाको त्रिनेत्रम डिस्ट्रिब्युसन कम्पनीले वितरण गर्नेछ ।

# 'जय हो' को निर्माण घोषणा, भदौ ८ मा प्रदर्शन हुने

काठमाण्डु । टेक पौरखी राईको निर्देशनमा बन्न लागेको फिल्म ' जय हो'को औपचारिक रुपमा घोषणा गरिएको छ । बिहीबार साँझ काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच फिल्मको निर्माण घोषणा गर्दै आगामी भदौ ८ गतेलाई प्रदर्शन मिति पनि घोषणा गरियो । आगामी चैत्र ५ गते (आइतबार)देखि छायांकनमा निस्कने फिल्मलाई मुस्ताङमा ९० प्रतिशत र तालनगरी पोखरामा १० प्रतिशत खिचिनेछ ।



सलोन सलिना फिल्म्सको ब्यानरमा बन्न लागेको फिल्ममा अर्पण थापा, सलोन बस्नेत, केकी अधिकारी, निशा अधिकारी, माओत्से गुरुङ, गणेश बुढाथोकी, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङसँगै अतिथि कलाकारमा रोहित रुम्बा छन् । कमेडी, एक्सन र लभस्टोरीको मिश्रण रहने फिल्मको निर्मातामा राज के अधिकारी र सुरज सरकार रहेका छन् भने प्रस्तुतकर्ता शोभित बस्नेत हुन् । सौरभ लामाको छायांकन, सम्राट बस्नेतको द्वन्द्व, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिष शाहको सम्पादन रहने फिल्मको मुख्य सहायक निर्देशकमा दिप्त प्रकाश अधिकारी, प्रोडक्सन म्यानेजरमा केबलमान सिङ बस्नेत र गणेश भण्डारी, निर्माण संयोजकमा सुभाष काफ्ले छन् । ' जय हो'मा सुरेश न्यौपानेको कथा, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ । फिल्मको घोषणा कार्यक्रममा सलोन बस्नेतले 'जय हो'बाट आफूले नयाँ यात्राको सुरुवात गर्न लागेको बताए । उनले भने, 'अब नयाँ तरिकाले काम गर्नुपर्छ भन्ने लागेको छ ।

# 'ज्याकी : आई एम ट्वान्टी वान' गीत : धिरज र जसिताको सशक्त 'डान्स मुभ'




काठमाण्डु । आगामी बैशाख २१ गतेबाट प्रदर्शनमा आउन लागेको रेनशा वान्तवा राई निर्देशित फिल्म 'ज्याकी : आई एम ट्वान्टी वान'को पहिलो गीत सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा पत्रकारलाई देखाउँदै सार्वजनिक गरिएको 'कथा' बोलको गीतमा फिल्मका प्रमुख दुई पात्र धिरज गुरुङ र जसिता गुरुङ फिचर्ड छन् । गीतमा उनीहरुको 'डान्स मुभ' सशक्त छ ।

गीतमा त्रिशला गुरुङ र रोहित शाक्यको युगल स्वर, किरण थापाको शब्द रचना र रोहित शाक्य तथा किरण थापाको संगीत रहेको छ । भारतको चर्चित डान्स रियालिटी शो 'डान्स प्लस-२'को उपविजेता द वाइल्ड रिपर्च क्रिउको कोरियोग्राफी रहेको गीतले धिरज र जसिताबीचको प्रेमभाव बोल्नुका साथै नृत्यप्रति उनीहरुको मोह देखाएको छ । यी दुईले नृत्यमा गरेको मिहिनेत गीतमा देखिन्छ । यो फिल्ममा अरुण क्षेत्री, प्रेम सुब्बा, लुनिभा तुलाधर, पल्पसा डंगोल, राजु भुजु, सुजता राई, सूर्यमान लिम्बु, विकास जोशी, रिजोन परियार, सुशान्त गौतमको पनि अभिनय छ । फिल्ममा रेनशा स्वयंको कथा र पटकथा छ भने संवादमा उनलाई सोमनाथ खनालले सघाएका छन् । आइकोर फिल्म्सको ब्यानरमा प्रभु शमशेर जबरा राना र प्रज्ज्वल शमशेर जबरा रानाले फिल्म निर्माण गरेका हुन् ।

नृत्यको विषयमा निर्माण भएको फिल्ममा कालिप्रसाद बाँस्कोटा तथा रोहित शाक्यको संगीत, सुशन प्रजापतिको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ ।

# खेलाडीको मनोबल बढाउन सरकारले ध्यान दिनुपर्छ : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले खेलाडीको मनोबल बढाउन सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ । विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएकामा नेपाली खेलाडीलाई बधाई तथा शुभकामना दिन राष्ट्रपति भवन शीतल निवासमा शुक्रबार आयोजित समारोहमा उहाँले देशको सान राख्न खेलकुद क्षेत्रमा पूर्वाधार बढाउनुपर्ने जिकिर गर्नुभयो ।

राष्ट्रपति पौडेलले नेपाली क्रिकेट टोलीले देशको इज्जत र गौरव बढाएको बताउनुभयो । उहाँले नेपालमा खेलकुद क्षेत्रमा पूर्वाधारको कमी रहेको उल्लेख गर्दै यस्तो परिस्थितिमा पनि क्रिकेट टोलीले ऐतिहासिक सफलता प्राप्त गरेकामा प्रसन्नता व्यक्त गर्नुभयो । नेपाली क्रिकेट खेलाडीको प्रदर्शनबाट मनभित्रैबाट आनन्द मिलेको उहाँले उल्लेख गर्नुभयो ।

"मैले नेपालले खेलेको बिहीबारको खेल हेरेँ । असाध्यै राम्रो खेल थियो । दर्शकहरू पनि प्रफुल्ल हुनुहुन्थ्यो", उहाँले भन्नुभयो, "यस्तो ठूलो सफलता प्राप्त गर्नुभएको छ, यो ठूलो कुरा हो । खेललाई राज्यले उपेक्षित क्षेत्रमा राख्नु हुँदैन ।"

सो अवसरमा राष्ट्रपति पौडेलले विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएकामा नेपाली खेलाडीलाई बधाई दिनुभयो । उहाँले आगामी दिनमा थप सफलताको कामनासमेत गर्नुभयो ।

बधाई तथा सम्मान समारोहमा नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आज बिहान खेलाडीलाई पुरस्कृत गर्नुभएको प्रसङ्ग उल्लेख गर्नुहुँदै यसबाट नेपाली क्रिकेट टोलीको मनोबल थप बढेको बताउनुभयो ।

"प्रधानमन्त्रीज्यूले क्रिकेट खेल र खलाडीको स्तर वृद्धिका लागि सक्दो सहयोग गर्ने आश्वासन दिनुभएको छ", उहाँले भन्नुभयो । खेलाडीको मेहनत मात्र सबैथोक नभएको जिकिर गर्दै अध्यक्ष चन्दले पर्याप्त सहयोगका लागि पहल गरिदिन राष्ट्रपति पौडेलसमक्ष आग्रह गर्नुभयो । आगामी दिनमा टेष्ट मान्यताप्राप्त देशसित खेल्दा नेपालको क्रिकेटको स्तर बढ्ने उहाँले बताउनुभयो ।

सरकारको प्राथमिकतामा खेल क्षेत्र पर्नुपर्ने अध्यक्ष चन्दको भनाइ थियो । खेलमा पूर्वाधारको अभाव सधैँ खड्किने गरेको उल्लेख गर्दै उहाँले कीर्तिपुर क्रिकेट मैदानको अवस्थाबारे राष्ट्रपति पौडेललाई अवगत गराउनुभएको थियो । कीर्तिपुर क्रिकेट मैदान भित्र र बाहिर गरी झण्डै ३० हजार दर्शकले खेलाडीको हौसला बढाएकामा धन्यवाद दिँदै उहाँले खेलप्रेमी र शुभचिन्तकको साथले क्रिकेटमा राम्रो गर्न सकेको बताउनुभयो ।

"मैदानभित्र बस्ने ठाउँ नभएर दर्शकले बाहिरबाटै साथ दिनुभयो, यसबाट नेपालमा दर्शकको क्रिकेटप्रतिको माया कति रहेछ भन्ने प्रष्ट हुन्छ", अध्यक्ष चन्दले भन्नुभयो ।

सो अवसरमा क्यान सचिव दुर्गाराज पाठकले राष्ट्रपति पौडलसमक्ष क्रिकेट खेलाडी तथा पदाधिकारीको परिचय गराउनुभएको थियो । यसअघि आजै बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विजेता खेलाडीलाई सरकारी निवास बालुवाटारमा बोलाएर सम्मान गर्दै विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएका नेपाली खेलाडीलाई जनही रु तीन लाखबाट पुरस्कृत गर्ने घोषणा गर्नुभएको थियो । रासस

# विसं २०८० को सार्वजनिक सेवा प्रवाह, पर्व र बिदा

काठमाण्डु । नेपाल सरकारले विसं २०८० को वैशाख १ देखि चैत मसान्तसम्म (एक वर्षभरिमा) सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समयसमेत निर्धारण गरेको छ ।

मन्त्रिपरिषद्को निर्णयानुसार गृह मन्त्रालयले बिहीबार राजपत्रमा सूचना प्रकाशन गरी बिदा तथा कार्यालय समय निर्धारण गरेको हो । मन्त्रालयले नववर्ष, उभौली, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, दशैँ (कात्तिक ४ देखि ९ सम्म), तिहार (कात्तिक २६ देखि ३० सम्म), छठ, क्रिसमस, उधौली, तमु ल्होसार, माघी, सोनाम ल्होसार, ग्याल्पो ल्होसार, दुवै इद (इद उल फित्र र इद उल अजहा), महाशिवरात्रि र फागुपर्वमा मुलुकभरि सार्वजनिक बिदा हुने उल्लेख गरेको छ ।

यस्तै सम्बन्धित धर्म, संस्कृति भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने गरी भदौ ७ गते गौरा पर्व, भदौ १४ गते गाईजात्रा र सिरुवा पावनी पर्वका लागि बिदा निर्धारण गरिएको छ । असोज १ गते तीज (सबै महिला) र असोज २० गते (जितिया पर्व मनाउने महिला) कर्मचारीका लागि मात्रै बिदा तोकिएको छ । शिक्षण संस्थाका लागि फागुन २ गते वसन्तपञ्चमीका दिन र काठमाडौँ उपत्यकामा भदौ १४ गते गाईजात्रा, असोज ११ गते इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्राको दिन र चैत २६ गते घोडेजात्राका लागि बिदा दिइएकोराजपत्रमा उल्लेख गरिएको छ ।

दिवस बिदाअन्तर्गत विश्व मजदुर दिवस, गणतन्त्र दिवस, संविधान दिवस, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, अन्तर्राष्ट्रिय महिला दिवसका दिन सबै कर्मचारीका लागि सार्वजनिक बिदा दिइएको छ । साथै अपाङ्गता भएका कर्मचारीका लागि मङ्सिर १७ गते अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा बिदा तोकिएको छ । यस्तै बुद्ध जयन्ती, पृथ्वी जयन्ती, फाल्गुनानन्द, मोमम्द, गुरु नानक जयन्तीका दिन सम्बन्धित धर्मावलम्बीहरूका लागि बिदा दिने निर्णय भएको छ ।



## राष्ट्रियरूपमा मनाइने तर कार्यालय खोल्ने बिदा

मन्त्रालयले राष्ट्रियरूपमा मनाइने तर कार्यालय खुला रहने बिदासमेत तोकेको छ । जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस जेठ ११ गते मनाइने छ । भदौ २२ गते निजामती सेवा दिवस र माघ १६ गते सहिद दिवस मनाइने राजपत्रमा उल्लेख छ ।जारी सूचनामा विदेशस्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका लागि सार्वजनिक बिदालाई दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैँले व्यवस्थापन र समायोजन गर्न सक्ने जनाइएको छ ।

## सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्था

मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थासमेत गरेको छ । जसअनुसार उभौली पर्व-चण्डी पूर्णिमा, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, क्रिसमस डे, उधौली पर्व, योमरी पुन्हि- ज्यापू दिवस (धान्य पूर्णिमा), तमू ल्होसार, माघी पर्व/माघे सङ्क्रान्ति, सोनम ल्होसार, महाशिवरात्रि, ग्याल्पो ल्होसार, इद (इदउल फित्र), बकर इद (इद उल अजहा), गाईजात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा, घोडेजात्रा, गणतन्त्र दिवस, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, अन्तर्राष्ट्रिय महिला दिवसका दिनमा सार्वजनिक बिदा भए पनि तोकिएका सेवा प्रवाह गर्न सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रबन्ध मिलाउनुपर्ने छ । जन्मयजन्ती बिदाअन्तर्गत बुद्ध जयन्ती र पृथ्वी जयन्तीमा समेत सेवा प्रवाह गर्नुपर्ने छ ।

उल्लेखित बिदाका दिनमा नागरिकता, राहदानी, कन्सुलर, भन्सार तथा राजस्वसम्बन्धी सेवा (राजस्व अनुसन्धानसमेत), क्वारेन्टिनसम्बन्धी, सवारी अनुमतिपत्र, सवारीसाधन दर्ता तथा नवीकरणलगायत यातायात व्यवस्थापनसम्बन्धी सेवा, उद्योग, वाणिज्य र कम्पनी प्रशासनसम्बन्धी, वैदेशिक रोजगार सेवा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणसम्बन्धी सेवा, मालपोत तथा नापी, स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवाहरू दिने व्यवस्था मिलाउनुपर्ने छ ।

यस्तै भेटेरेनरी, खानेपानी, विद्युत्, सडक तथा ढल मर्मतसम्भारसम्बन्धी सेवा, खाद्य, गुणस्तर परीक्षण, विभिन्न निकाय तथा शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा, वैदेशिक अध्ययन अनुमतिसम्बन्धी सेवा, नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्रसम्बन्धी सेवा पनि नियमित गर्नुपर्ने छ । साथै सम्बन्धित मन्त्रालय वा निकायले तोकेका सार्वजनिक सेवासँग सम्बन्धित अन्य सेवा, प्रदेश सरकार र स्थानीय तहले तोकेका सार्वजनिक सेवा प्रवाहसम्बन्धी अन्य सेवा र बैंकिङ तथा बीमासम्बन्धी कारोबार पनि जारी राख्नुपर्ने राजपत्रमा उल्लेख छ ।

## सधैं खुला राख्नुपर्ने सेवाहरू

राजपत्रमा उल्लेख भएअनुसार अस्पताल दूरसञ्चार, अध्यागमन, फोहरमैला व्यवस्थापन, फायरब्रिगेट, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक, शान्ति सुरक्षा, विपद् व्यवस्थापन आदि जस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयले सार्वजनिक बिदाका दिन दैनिक काम नरोकिने गरी सेवा प्रवाह गर्नुपर्ने छ । त्यसरी खटिने कर्मचारीले खटिएवापत सट्टा बिदा पाउने छन् ।

## कार्यालय हाजिर हुने र छुट्ने समय

देशभरका सबै सरकारी कार्यालयमा आगामी वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म र माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्मका लागि तोकिएको छ । यस्तै कात्तिक १६ देखि माघ १५ गतेसम्म बिहान १० देखि अपराह्न ४ बजेसम्म कार्यालय समय रहने उल्लेख छ । शुक्रबार १० देखि ३ बजेसम्म सेवा प्रवाह गर्नुपर्ने छ ।यसका साथै तोकिएका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारले प्रदेशको धर्म, संस्कृति रीतिरिवाजसमेतलाई दृष्टिगत गरी घोषणा गरेका बढीमा छ दिनसम्मका लागि सार्वजनिक बिदा गर्न सक्नेछ । यसरी गरिएको बिदाबारे जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयलमा जानकारी गराउनुपर्ने छ । रासस

# कमजोर बन्दै दलित समुदायको प्रतिनिधित्व



काठमाण्डु । नेपाली जनताको सङ्घर्षपूर्ण योगदानबाट नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको १४ वर्ष पूरा भएको छ । विसं २००७ को राजनीतिक परिवर्तन हुँदै २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध र २०६२/६३ को जनआन्दोलनपछि संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते राजतन्त्रात्मक प्रणालीको अन्त्य भई गणतन्त्र स्थापना गऱ्यो । त्यसपछिको १४ वर्ष हेर्दा देशमा व्यवस्था फेरियो तर जनताको अवस्थामा तात्विक फरक आएन । व्यवस्था फेरिए पनि खासगरी वञ्चितीकरणमा पारिएको दलित समुदायको अवस्था ज्यूँका त्यूँ छ ।

देशमा आएको राजनीतिक परिवर्तनसँगै दलित समुदायमा पनि चेतनाको स्तर भने वृद्धि हुँदै गएको छ । विसं २००४ देखि दलित समुदायले सङ्गठित रूपमा विभेद्का विरुद्ध आन्दोलन गर्दै आए । दलित समुदाय सक्रिय रूपमा राजनीतिक पार्टीमा आबद्ध भए तर आर्थिक, सामाजिक र राजनीतिकलगायत राज्यको मूलधारबाट किनारमै छन् । सदियौँदेखि जातीय भेद्भाव तथा छुवाछूतको पीडा भोग्दै आएको यो समुदायको सरकार (कार्यापालिका) र संसद् (व्यवस्थापिका) मा सहभागिता नगण्य मात्रामा छ ।

अहिले प्रतिनिधिसभामा समानुपातिकबाट निर्वाचित १५ प्रत्यक्षमा एकजना गरी जम्मा १६ जना (५.८१ प्रतिशत) सांसद दलित समुदायबाट हुनुहुन्छ । संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको निर्वाचन, २०७४ मा १९ जना (६ प्रतिशत) को प्रतिनिधित्व थियो । संविधानसभा २०७० मा दलित प्रतिनिधित्व ५१ बाट घटेर ४१ जना (६.८२ प्रतिशत) मा झऱ्यो । संविधानसभा २०६४ मा ६ सय एक जनामा ५१ जना (८.४८ प्रतिशत) दलितको प्रतिनिधित्व थियो ।

दलित आन्दोलनका अगुवा पदम सुन्दासले तथ्यलाई हेर्ने मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रपश्चात् दलित समुदायको प्रतिनिधित्व बढ्नुको सट्टा क्रमशः झन् झन् घट्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "नीति निर्माण तहमै दलित समुदायप्रति उपेक्षा गरिएको छ, दलितहरूको न संसद्मा बलियो सहभागिता छ, न सरकारमा ।" निर्वाचनमा प्रमुख दलहरूले दलित समुदायबाट पार्टीमा प्रतिनिधित्व गर्ने नेताहरूलाई टिकटमै विभेद गर्ने गरेको उहाँको भनाइ छ । प्रतिनिधिसभाको निर्वाचनमा प्रत्यक्षतर्फ नेपाली कांग्रेसबाट दलित उम्मेदवारी शून्य रहेको थियो ।

राज्य सत्तामा दलित समुदायको सहभागिता हेर्दा पञ्चायतकालबाट सुरु भएको देखिन्छ । पहिलोपटक दलित समुदायबाट २०३१ सालमा हिरालाल विश्वकर्मा सहायक शिक्षामन्त्री बन्नुभएको थियो । २०३१ देखि २०४१ सालसम्म उहाँ चार पटकसम्म शिक्षा र आपूर्ति सहायक र राज्यमन्त्री बन्नुभएको थियो । २०३१ देखि ०६३ सालसम्म हिरालाल विश्वकर्मा, प्रकाश चित्रकार, लालबहादुर विश्वकर्मा, हरिशङ्कर परियार, गोल्छे सार्की, प्रतापराम लोहार र मानबहादुर विश्वकर्मालाई सहायक र राज्यमन्त्रीमै सीमित गरिएको थियो । २०६२/६३ को जनआन्दोलनपछि २०६३ साल वैशाख १२ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित अन्तरिम सरकारमा पहिलोपटक खड्कबहादुर विश्वकर्मा महिला, बालबालिका तथा समाजकल्याणमन्त्री र छविलाल विश्वकर्मा कृषि तथा सहकारीमन्त्री भन्नुभएको थियो । त्यसपछि दलितलाई मन्त्रीमण्डलमा समावेश गर्दै लगेको देखिन्छ ।

त्यसपछि पटकपटकका सरकारमा छविलाल विश्वकर्मा, महेन्द्र पासवान, खड्कबहादुर विश्वकर्मा, विशेन्द्र पासवान, दलजित श्रीपाइली, मीनबहादुर विश्वकर्मा, जगतबहादुर सुनार विश्वकर्मा र महेश्वरजङ्ग गहतराज मन्त्री भन्नुभएको छ ।

त्यसैगरी २०६३ सालपछि नवीनकुमार विश्वकर्मा, जीतबहादुर दर्जी (गौतम), खड्कबहादुर बस्याल, कलावती पासवान, दलबहादुर सुनार, गोपी अछामी, रमनी राम, धनमाया विक, कर्णबहादुर विक, विमला विक र आशा विक राज्यमन्त्री बन्नुभएको छ ।

वर्तमान सरकारमा दलित समुदायबाट एकजना राज्यमन्त्री हुनुहुन्छ । यसअघि दलितलाई मन्त्री बनाए पनि यसपटक भने राज्यमन्त्रीमा सीमित गरिएको छ । यो तथ्यबाट राज्यसत्तामा दलित समुदायको उपस्थिति बढाउनुको सट्टा साँघुरो पारिँदैछ । संविधानको प्रस्तावनामा 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' भनिएको छ ।

धारा ४० (१) मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिएको छ । धारा ४२ (१) र राज्यको निर्देशक सिद्धान्तमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ । तर संविधानको यो मूल भावना पछिल्लो पटकको प्रतिनिधिसभाको निर्वाचन र सरकार निर्माणका क्रममा लागू हुन सकेन । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ ।

सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसङ्ख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि उपेक्षामा छ । सदियौँदेखि आर्थिक, सामाजिक र राजनीतिक रूपमा पछाडि पारिएको दलित समुदायको सहभागिता कानुन निर्माण गर्ने थलो संसद्मा न्यून छ । निर्वाचनको समयमा राजनीतिक दलले घोषणापत्रमा 'दलित समुदायलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समानुपातिकका साथै अन्य अधिकार थप गरी क्षतिपूर्तिको सिद्धान्तअनुरुप विशेषाधिकारको व्यवस्था गरिनेछ' भने पनि कार्यान्वयनमा इमान्दारिता देखिएको छैन ।

प्रदेशतर्फ सात प्रदेशको कूल पाँच सय ५० सदस्यमा दलित समुदायको प्रतिनिधित्व ३१ जना (५.६३ प्रतिशत) छ । ती ३१ जनामध्ये दुईजना प्रदेशसभाको प्रत्यक्ष निर्वाचित हुन् । कोसी प्रदेशको ५६ सदस्यीय प्रदेशसभामा जम्मा चारजना (७.१४ प्रतिशत) दलितको प्रतिनिधित्व छ । मधेस प्रदेशमा दलित समुदायको प्रतिनिधित्व १०.९३ प्रतिशत छ । कूल ६४ सदस्यीयमधेश प्रदेशसभामा सातजना दलित समानुपातिकबाट निर्वाचित भएका छन् ।

बागमती प्रदेशमा दलित समुदायको सबैभन्दा कम प्रतिनिधित्व छ । कूल ६६ सदस्यीय बागमती प्रदेशसभामा जम्मा दुईजना (३.०३ प्रतिशत) प्रतिनिधित्व भएको छ । गण्डकी प्रदेशमा सबैभन्दा बढी १६.६६ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कूल ३६ सदस्यीय गण्डकी प्रदेशसभामा छजना दलितको प्रतिनिधित्व छ । लुम्बिनी प्रदेशसभामा ९.६१ प्रतिशत दलित समुदायको प्रतिनिधित्व भएको छ । कूल ५२ सदस्यीय लुम्बिनी प्रदेशसभामा पाँचजना दलितको प्रतिनिधित्व छ ।

यस्तै, कर्णाली प्रदेशसभामा पनि गण्डकीमा जस्तै १६.६६ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कूल २४ सदस्यीय कर्णाली प्रदेशसभामा चारजना दलितको प्रतिनिधित्व भएकामध्ये एकजना प्रत्यक्ष निर्वाचित भएका हुन् । सुदूरपश्चिम प्रदेशमा ९.३७ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कूल ३२ सदस्यीय प्रदेशसभामा तीनजना दलितको प्रतिनिधित्व छ ।

खासगरी पिछडिएका, उत्पीडित र सीमान्तकृत समुदायका निम्ति समानुपातिक निर्वाचन प्रणाली आएको थियो । समानुपातिक प्रणाली प्रतिस्पर्धामा अगाडि आउन नसक्ने समुदायका निम्ति विशेष व्यवस्था हो । प्रतिनिधिसभामा समानुपातिकका लागि पैसा र पहुँचवाला, पार्टीका शीर्ष नेताहरू नै बसेको देखिन्छ ।

राष्ट्रियसभामा पनि दलित समुदायको उपस्थिति सामान्य छ । राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट एकजना दलित समुदायको प्रतिनिधित्व हुने व्यवस्थाअनुसार सातजना दलित सांसद रहेका छन् । कोटाबाहेकको प्रतिनिधित्व राष्ट्रियसभामा हुन सकेको छैन । नेकपा (माओवादी केन्द्र) का नेता परशुराम रम्तेलले दलित आन्दोलन कमजोर हुनु, राजनीतिक पार्टीभित्र दलित नेताहरूले पैरवी गर्न नसक्नु, सिमान्तकृतहरूको कमजोर आन्दोलन, समावेशीताको मुद्दामा राजनीतिक दलहरू उदासीन देखिनु नै संसद् र सदनमा दलित समुदायको न्यून उपस्थिति भएको विश्लेषण गर्नुहुन्छ ।

जनता समाजवादीकी नेत्री दुर्गा सोवले दलित समुदायको जनसङ्ख्याका आधारमा संसद् र सरकारमा सहभागिता हुनुपर्ने माग गर्नुहुन्छ । संविधानको प्रस्तावनामा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने भनिएको छ । समानुपातिक निर्वाचन प्रणाली खासगरी पिछडिएका, उत्पीडित र सीमान्तकृत समुदायका निम्ति हो । समानुपातिक प्रणाली प्रतिस्पर्धामा अगााडि आउन नसक्ने समुदायका निम्ति विशेष व्यवस्था हो । तर संसद्मा समानुपातिकका लागि पैसा र पहुँचवाला, पार्टीका शीर्षनेताहरू नै सिफारिस हुने गरको उहाँको भनाइ छ ।

हरेक पटकका सङ्घ प्रदेश र स्थानीय तहको निर्वाचनको समयमा सबैजसो राजनीतिक पार्टीले आफ्नो घोषणापत्रमा दलित समुदायलाई समावेश गरिए पनि घोषणापत्रअनुसार ती पर्टीहरूले संसद् र सरकारमा दलित समुदायको सहभागितााई प्राथमिकता दिन नसकेको सभासद् कमला विश्वकर्माको बुझाइ छ । दलित समुदायले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका हरेक संरचनामा आफूहरूको समान सहभागिताको माग गरिरहेको सन्दर्भमा संसद् र सरकारमा नगन्ने उपस्थिति हुनु समावेशी सिद्धान्त विपरीत देखिने उहाँ बताउनुहुन्छ ।

लोकतान्त्रिक पद्धति अपनाएका राजनीतिक दलहरू नै दलितको प्रतिनिधित्वको सवालमा कठोर देखिएपछि समावेशिताको मुद्दा झन् ओझेलमा पर्दै गएको छ । जनप्रतिनिधिहरूको थलो नेपालको सङ्घीय संसद् सङ्घीय गणतन्त्र नेपालको सर्वोच्च व्यवस्थापकीय निकायलाई समावेशी बनाउन जरुरी छ । समावेशिताको सवालमा राजनीतिक दलहरू जिम्मेवार र गम्भीर हुनुपर्ने देखिन्छ । लोकतन्त्रको सुन्दर पक्ष समावेशितालाई बलियो बनाउन महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, पिछडिएको क्षेत्रलगायत सम्पूर्ण उत्पीडित समुदायको एउटै आवाज हुनुपर्ने देखिन्छ ।

# चिनियाँ राष्ट्रपति सीको रूस भ्रमण मित्रता, सहयोग र शान्तिका लागि : प्रवक्ता

सिन्ह्वा

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिङको आसन्न रूस भ्रमण मित्रता, सहयोग र शान्तिको भ्रमण हुने चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले बताउनुभएको छ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको निमन्त्रणामा सीले मार्च २० देखि २२ सम्म रूसको राजकीय भ्रमण गर्नुहुनेछ।

पछिल्ला वर्षहरूमा राष्ट्रपति सीले राष्ट्रपति पुटिनसँग निकट सम्पर्क कायम राख्दै आउनुभएको छ।



"उहाँहरूको नेतृत्व र मार्गदर्शनमा नयाँ युगका लागि समन्वयको चीन-रूस व्यापक रणनीतिक साझेदारीले दिगो, सुदृढ र स्थिर विकास हासिल गरेको छ," वाङले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो।

दुई देशले रणनीतिक विश्वास र असल छिमेकीपनसहितको प्रमुख मुलुकबीचको सम्बन्धको मार्ग पहिल्याउँदै अन्तर्राष्ट्रिय सम्बन्धको नयाँ प्रतिमानका लागि राम्रो उदाहरण प्रस्तुत गरेको उहाँको भनाइ थियो।

भ्रमणका क्रममा सीले पुटिनसँग द्विपक्षीय सम्बन्धका साथै साझा चासोका प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयमा गहन विचार आदानप्रदान गर्ने, द्विपक्षीय रणनीतिक समन्वय र व्यावहारिक सहयोगलाई बढावा दिने र द्विपक्षीय सम्बन्धको विकासमा नयाँ गति प्रदानका लागि छलफल गर्नुहुनेछ।

"यो भ्रमण मित्रताको यात्रा हुनेछ, जसले चीन र रुसबीचको पारस्परिक विश्वास र समझदारीलाई अझ प्रगाढ बनाउनेछ र पुस्तौंदेखि दुई देशका जनताबीचको मित्रताका लागि राजनीतिक जग र जनसमर्थनलाई मजबुत बनाउनेछ," वाङले भन्नुभयो। राष्ट्रपति सीको रूस भ्रमण विभिन्न क्षेत्रमा पारस्परिक लाभप्रद सहयोग प्रवर्द्धन गर्ने, बेल्ट एण्ड रोड इनिसिएटिभ र युरेशियन इकोनोमिक युनियनबीचको सहकार्यलाई प्रगाढ बनाउनका साथै दुई देशलाई विकास र पुनरुत्थानका आ-आफ्ना लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उहाँले उल्लेख गर्नुभयो।

चीन र रूसले असंलग्नता, मुठभेडरहित र कुनै पनि तेस्रो पक्षलाई लक्षित नगरेका आधारमा साँचो बहुपक्षवादको अभ्यास गर्ने, बहुध्रुवीय विश्व र अन्तर्राष्ट्रिय सम्बन्धमा बृहत्तर लोकतन्त्रको प्रवर्द्धन गर्ने, विश्वव्यापी शासन प्रणालीमा सुधार गर्ने र विश्वको विकास तथा प्रगतिमा योगदान गर्ने उल्लेख गर्दै वाङले यो भ्रमण शान्ति स्थापनाका लागि पनि हुने बताउनुभयो।

"चीनले युक्रेन सङ्कटमा आफ्नो उद्देश्य र न्यायोचित अडानलाई कायम राख्नेछ र शान्ति वार्तालाई बढावा दिन रचनात्मक भूमिका खेल्नेछ," प्रवक्ता वाङले भन्नुभयो।

# प्रधानमन्त्रीद्वारा विजेता क्रिकेट खेलाडीलाई तीन लाख पुरस्कारको घोषणा



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएका नेपाली खेलाडीलाई जनही रु तीन लाख राशिको पुरस्कार घोषणा गर्नुभएको छ। विजेता खेलाडीलाई शुक्रबार बिहान सरकारी निवास बालुवाटारमा सम्मान गर्दै उहाँले उक्त पुरस्कारको घोषणा गर्नुभएको हो।

"मलाई अत्यन्त खुसी लागेको छ। हिजो तपाईंहरूले जसरी खेल प्रदर्शन गर्नुभयो, तपाईंहरूले मात्र जित्नुभएको छैन, देशले जितेको छ। देशको स्वाभिमान उच्च भएको छ, राष्ट्रको गौरव बढेको छ। आगामी दिनमा समेत तपाईंहरूको प्रदर्शन थप राम्रो होस्, म अग्रिम शुभकामना व्यक्त गर्दछु", खेलाडीलाई सम्मान गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो- "विश्वकप छनोटका लागि तपाईंहरूलाई थप सफलता मिलोस्। म तपाईंहरूको सुख, दुःखमा साथमै हुनेछ।"

प्रधानमन्त्री दाहालले यसअघि पनि सरकारले जनही रु दुई लाख राशिले पुरस्कृत गरिसकिएको उल्लेख गर्नुभयो। प्रधानमन्त्री दाहालले कीर्तिपुरस्थित क्रिकेट मैदानमा तत्काल आधुनिक फ्लटलाइट र स्कोर बोर्ड जडान गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई निर्देशन दिनुभएको छ। उहाँले भन्नुभयो, "यस सन्दर्भमा मूलपानी, चितवनलगायत देशका विभिन्न स्थानमा निर्माणाधीन क्रिकेट रङ्गशाला निर्माण तीव्रताका साथ अगाडि बढाउन नेपाल सरकारको तर्फबाट आवश्यक प्रबन्ध गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछु।"

बिहीबार नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई नौ रनले पराजित गरेको थियो। प्रधानमन्त्री दाहालले क्रिकेट खेलाडीको मेहनतलाई सरकारको तर्फबाट सम्मान गर्ने र आगामी दिनमा थप भौतिक पूर्वाधारको विकास तथा खेलाडीका लागि थप सुविधाको प्रबन्ध गर्ने विश्वाससमेत दिलाउनुभएको छ। प्रधानमन्त्री निवासमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ र अन्य पदाधिकारीको समेत सहभागिता थियो।

बिहीबार प्रधानमन्त्री दाहाल आफैं कीर्तिपुर क्रिमेट मैदान पुगेर खेलाडीलाई प्रोत्साहित गर्नुभएको थियो। रासस

# स्लोभाकियाले युक्रेनलाई १३ मिग-२९ लडाकु विमान प्रदान गर्ने : प्रधानमन्त्री



एएफपी

ब्राटिस्लाभा ।स्लोभाकियाले युक्रेनलाई १३ मिग-२९ लडाकु विमानहरू प्रदान गर्न लागेकोस्लोभाकका प्रधानमन्त्रीले शुक्रबार बताउनु भएको छ।

पोल्याण्डपछि यस किसिमको विमान सहयोग गर्ने स्लोभाकका दोस्रो नेटो सदस्य राष्ट्र हो।

"हामी हाम्रा १३ मिग-१९ जेटहरू युक्रेनलाई हस्तान्तरण गर्नेछौं," स्लोभाकका प्रधानमन्त्री एडुआर्ड हेगरले पत्रकार सम्मेलनमा भन्नु भएको छ। साथै उहाँले युद्धग्रस्त युक्रेनलाई कुब एयर डिफेन्स सिस्टम पनि सहयोग गर्ने बताउँनु भएको छ।

# इरानी कुर्दिश 'राजनीतिक बन्दी' लाई फाँसी दिइयो

एएफपी

पेरिस । इरानले प्रतिबन्धित समूहको सदस्यताका लागि राजनीतिक बन्दीका रूपमा हेरिएका एक कुर्दिश व्यक्तिलाई शुक्रबार मृत्युदण्ड दिएको अधिकारवादी समूहले बताएका छन्।

नर्वेस्थित इरानी मानव अधिकार (आईएचआर) र हेन्गाव अधिकार समूहले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै मोहायदीन एब्राहिमीलाई उत्तर-पश्चिमी इरानको उर्मिया जेलमा शुक्रबार बिहान फाँसी दिइएको जनाएको छ।

अन्य पाँच जनालाई पनि शुक्रबार बिहान उर्मियामा लागूऔषधसम्बन्धी आरोपमा मृत्युदण्ड दिइएको समूहले जनाएको छ।

सन् २०१७ मा पक्राउ परेका र सन् २०१८ मा मृत्युदण्डको सजाय सुनाइएका इब्राहिमीमाथि इरानको कुर्दिस बाहुल्य क्षेत्रको आत्मनिर्णयका लागि सशस्त्र सङ्घर्ष गर्दै आएको प्रतिबन्धित समूह कुर्दिस डेमोक्र्याटिक पार्टीमा संलग्न भएको आरोप लागेको थियो।

इब्राहिमीले उक्त आरोप अस्वीकार गर्दै आउनुभएको थियो। अधिकारवादी समूहहरूले उहाँ इराकबाट सामान बोक्ने भरियाको रूपमा मात्र काम गर्दै आएको बताएका छन्।

आईएचआर र हेन्गाव दुवैले उहाँलाई 'राजनीतिक बन्दी' को रूपमा वर्णन गरेका छन्।

आईएचआरका अनुसार इब्राहिमीलाई मृत्युदण्ड दिइने निश्चित भएपछि उहाँका छोरालाई पक्राउ गरिएको थियो। यसको विरोधमा उर्मिया जेलको ढोकाबाहिर बिहीबार अबेर प्रदर्शन पनि गरिएको थियो।

हेन्गावका अनुसार इब्राहिमीको परिवारलाई सुरुमा सजाय निलम्बन भएपछि उहाँलँई अर्को जेलमा पठाउन लागेको बताइएको थियो।

गत सेप्टेम्बर १६ मा २२ वर्षीया इरानी कुर्द महसा अमिनीको मृत्युभएपछि सुरु भएको प्रदर्शनको विरोधमा इरानले चार जनालाई मृत्युदण्ड दिएको छ।

अधिकारवादी समूहहरूले सबै प्रकारका अभियोगमा मृत्युदण्ड दिने क्रम बढ्दो क्रममा रहेको भन्दै यसले समाजलाई विरोध गर्नेहरूलाई तर्साउन खोजेको तर्क गरेका छन्। आईएचआरका अनुसार इरानमा यस वर्ष कम्तीमा १४४ जनालाई मृत्युदण्ड दिइएको छ।

# विश्वकपक छनोटमा नेपालले टेस्ट राष्ट्रसँग खेल्न पाउने

काठमाण्डु । सन् २०१९ देखि सुरुआत भएको आइसिसी (अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल) विश्वकप क्रिकेट लिग दुईबाट शीर्ष तीन स्थान हासिल गर्ने स्कटल्यान्ड, ओमन र नेपालले विश्वकप छनोटको यात्रा तय गर्न सफल भएका छन्।

विभिन्न सात राष्ट्र सम्मेलित विश्वकप क्रिकेट लिग दुईबाट स्कटल्यान्ड पहिलो, ओमन दोस्रो र नेपाल तेस्रो स्थानमा रहँदै जिम्बावेमा आगामी जुन १८ देखि जुलाई ९ तारिखसम्म हुने विश्वकप छनोटमा प्रवेश पाएका हुन्। यससँगै अब नेपालले जिम्बावेमा हुने विश्वकप छनोटमा टेस्ट मान्यता राष्ट्रसहित अन्य देशसँग खेल्न पाउने पक्का भएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहीबार सम्पन्न आइसिसी विश्वकप क्रिकेट लिग दुईको अन्तिम खेलमा नेपालले संयुक्त अरब ईमिरेटस (युएई) लाई पराजित गर्दै विश्वकपको छनोटमा प्रवेश पाएको हो। खराब प्रकाशका कारण खेल रोकिँदा नेपाल डकवर्थ लुइस नियमअनुसार ९ रनले विजयी भएको थियो।

त्यस्तै, लिग दुईको अङ्कतालिकामा चौथो, पाँचौं, छैटौं र सातौं स्थान हासिल गरेका क्रमश : नामिबिया, अमेरिका, युएई र पपुवा न्युगिनीले विश्वकप छनोटका लागि प्लेअफ खेल्नुपर्नेछ। प्लेअफमा यी चार टोलीसहित च्यालेन्ज लिगको शीर्ष दुई टोली क्यानडा र जर्सी गरी ६ राष्ट्रको प्लेअफ छनोट हुनेछ। उक्त खेल नामिबियामा यसै महिनामा हुनेछ। जसबाट शीर्ष दुई टोलीले जिम्बावेमा हुने विश्वकप छनोटमा सहभागिता जनाउन पाउनेछन्।

जिम्वावेमा विभिन्न १० टोली प्रतिस्पर्धामा उत्रनेछन्। विश्वकप लिग दुईबाट नेपाल ओमान र स्कटल्यान्डले स्थान बनाए भने सुपर लिगबाट जिम्बावे र नेदरल्यान्ड्सले खेल्ने पक्का भइसकेको छ। अन्य टोलीको छनोट हुन भने बाँकी छ। जिम्बावेमा हुने विश्वकप छनोटमा आइसीसी सुपर लिगका पुछारका पाँच टोली, लिग दुईको शीर्ष तीन टोली र प्लेअफ छनोटबाट आउने शीर्ष दुई टोली गरी १० टोलीले प्रतिस्पर्धा गर्नेछन्।


नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाईले सम्हालिएर खेल्दा जितिन्छ भन्ने आत्मविश्वास हुनाका साथै खेलाडीले अनुशासित भई ब्याटिङ गर्दा नेपालले कीर्तिमानी जित हासिल गर्न सकेको बताउनुभयो। उहाँले अहिलेको नेपाली टोलीमा अद्भुत क्षमता भएको खेलाडी रहेको र उनीहरुले भविष्यमा नेपाली क्रिकेटका लागि राम्रो गर्नसक्ने बताउनुभयो।

यसैगरी, नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले युएईले दिएको लक्ष्य धेरै भए पनि जित निकाल्ने विश्वास नगुमेकाले विजयी हासिल गर्न सकेको भन्दै यस जितको श्रेय प्रशिक्षक मन्टी देसाईलाई दिन चाहेको बताउनुभयो। प्रशिक्षक मन्टी आएदेखि नेपालली टोलीको माहोल परिवर्तन भएको र प्रत्येक खेलमा केन्द्रित हुन सिकाएको उहाँको भनाइ छ। देसाई नियुक्त भएपछि नेपालले लिग २ का पछिल्ला १२ खेलमध्ये ११ खेलमा जित हात पार्न सफल भएको थियो।रासस

# अमेरिकाबाट टमाहक क्षेप्यास्त्र खरिद गर्दै अष्ट्रेलिया

एपी

क्यानबेरा । अष्ट्रेलियाले संयुक्त राज्य अमेरिकाबाट २२० 'टोमाहक क्रुज मिसाइल खरिद' गर्ने भएको छ। अमेरिकी विदेश मन्त्रालयले शुक्रबार क्रुज मिसाइल बिक्रीको स्वीकृति दिएको हो।




एशिया - प्रशान्त क्षेत्रमा चीनको प्रभाव बढेकामा चिन्ता व्यक्त गर्दै अष्ट्रेलियाले आफ्ना हतियार भण्डारको आधुनिकीकरण गर्न तथा सामरिक सामर्थ्य वृद्धि गर्न अमेरिकाबाट आणविक शक्तिबाट सञ्चालन हुने पनडुब्बी खरिद गर्ने घोषणा गरेको केही दिनपछि टोमाहक क्रुज मिसाइल किन्ने निर्णय सार्वजनिक भएको छ।

अष्ट्रेलियाका अधिकारीहरूले नयाँ आणविक शक्तिबाट चल्ने पनडुब्बीबाट टोमाहक मिसाइल प्रहार गर्न सहज हुने बताएका छन्। नब्बे करोड अमेरिकी डलर मूल्य बराबरका ती क्षेप्यास्त्रको आपूर्ति एरिजोनास्थित रेथियन मिसाइल एण्ड डिफेन्सले गर्नेछ।

जापानले पनि गत महिना चिनियाँ प्रभाव बढ्न नदिने प्रयासस्वरुप आफ्नो सेनाको स्तरवृद्धि गर्ने योजनाको घोषणा गरेको थियो। सन् २०२६ सम्ममा ४०० टोमाहक क्रुज मिसाइल खरिद गरी रणनीतिक स्थानमा तैनाथ गर्ने योजना तर्जुमा गरिएको छ।

अमेरिकाले प्रस्तावित टोमाहक मिसाइल बिक्रीबाट संयुक्त राज्य अमेरिकाको विदेश नीति तथा राष्ट्रिय सुरक्षा उद्देश्यमा असर नपर्ने जनाउँदै पश्चिमी प्रशान्त क्षेत्रमा आफ्नो सबैभन्दा महत्वपूर्ण सहयोगीमध्येको एक अष्ट्रेलिया भएको बताएको छ।

अष्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्लेसले पनि आफ्नो देशले पनि अमेरिकासँग निकट सम्पर्कमा रहेर काम गर्ने बताउनुभएको छ। लामो दूरीसम्म प्रहार गर्ने क्षेप्यास्त्र आफ्नो देशसँग रहेको सुनिश्चित गर्नु राष्ट्रका निम्ति महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले मुलुकको सुरक्षाका निम्ति त्यो अझ महत्वको विषय भएको बताउनुभएको छ।

# न्युजिल्यान्ड र अष्ट्रेलियाद्वारा फिफा निर्णयको स्वागत

एएफपी

वेलिङ्टन। यो वर्ष न्युजिल्यान्ड र अष्ट्रेलियामा आयोजना हुने महिला विश्वकप प्रतियोगिता प्रायोजनको अनुमति साउदी अरबलाई नदिने अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को निर्णयको खेल आयोजक दुवै देशले स्वागत गरेका छन्।

प्रतियोगिताका सह-आयोजक न्युजिल्यान्ड र अष्ट्रेलियाले साउदी अरबको पर्यटन बोर्डले यस वर्षको महिला विश्वकपलाई प्रायोजन नगर्ने घोषणाको शुक्रबार स्वागत गरेका हुन्। फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले गत बिहीबार रुवाण्डाको राजधानी किगालीमा खेल प्रायोजनको अनुमति साउदीलाई नदिने घोषणा गर्नुभएको थियो।

साउदी अरबमा महिलालाई मानवोचित व्यवहार नगरिएको,उनीहरूलाई आधार भूत मानवाधिकारबाट वञ्चित गरिएकोलगायत त्यहाँका महिलाको स्थिति दयनीय भएकाले उक्त देशलाई महिला विश्वकपको प्रायोजना गर्ने अनुमति प्रदान नगर्न दुवै देशले फिफालाई लिखित अनुरोध गरेका थिए।

आगामी जुलाईमा न्युजिल्यान्ड र अष्ट्रेलियाले पहिलोपटक महिला विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दैछन्। उक्त प्रतियोगितामा ३२ देशबीच प्रतिस्पर्धा हुनेछ।

# सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल



काठमाण्डु । जावलाखेल युथ क्लबले थ्री स्टार क्लबलाई पराजित गर्दै सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा विजयी हासिल गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार भएको खेलमा जाउलाखेलले थ्रीस्टार क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै विजयी हासिल गरेको हो। जावलाखेलको जितमा विदेशी खेलाडी एन्कोटो मासोबी नायक बने। उनले खेलको १६औं मिनेटमा गरेको १ गोल नै जाउलाखेलको लागि निर्णायक गोल सावित भयो।

यस जितसँगै जावलाखेलले पाँच खेलमा दश अङ्क जोडेको छ। थ्रीस्टारले पाँच खेलमा सात अङ्क जोडेको छ।

यसैगरी सातदोबाटोस्थित च्यासल मैदानमा आज भएको अर्को खेलमा चर्च ब्वाइज युनाईटेड क्लब र मछिन्द्र फुटबल क्लबले गोलरहित बराबरी खेल्दै एक एक अङ्क बाडेका छन्।

खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसक्दा खेल गोलरहित बराबरीमा सकिएको हो। यस बराबरी खेलसँगै चर्च ब्वाइजले ५ खेलमा ११ अङ्क जोडेको छ भने मछिन्द्रले ५ खेलमा ५ अङ्क जोडेको छ।रासस

# बागमती सरकारद्वारा पुरस्कार घोषणा

बागमती। बागमती प्रदेश सरकारले आइसिसी विश्वकप लिग-२ अन्तर्गत उत्कृष्ट प्रदर्शन गरेका नेपाली खेलाडीलाई पुरस्कृत गर्ने भएको छ। प्रदेश सरकारले खेलाडीहरूलाई जनही रु एक/एक लाख पुरस्कार दिने घोषणा गरेको हो।

क्रिकेटका माध्यमबाट इतिहास बनाउन सफल भएकामा प्रोत्साहनस्वरुप सो रकम पुरस्कार दिने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले जानकारी दिनुभयो।

क्रिकेट खेलाडीहरूले उत्कृष्ट खेलेका कारण देशको शिर उचाइमा पुऱ्याएकामा प्रदेश सरकारले गौरव गरेको उहाँले बताउनुभयो। युएईमाथि प्राप्त जितले नेपाल तालिकाको तेस्रो स्थानमा रहेर विश्वकप छनोटमा पुगेको हो। विश्वकप लिग-२ का सहभागी सात टोलीमध्ये शीर्ष तीन टोली विश्वकप छनोटमा पुग्ने प्रावधान रहेको छ।रासस

# खराब मौसमका कारण मङ्गोलियामा ५ लाख ६७ भन्दा बढी पशुको मृत्यु

सिन्ह्वा

उलबानटोर । मङ्गोलियामा यो वर्ष खराब मौसमका कारण हालसम्म कूल ५ लाख ६७ हजार पशुको मृत्यु भएको छ। मृतक जनावरको स‌ख्या गत वर्षको सोही अवधिको तुलनामा झण्डै १० प्रतिशतले बढेको पाइएको छ। मरेका जनावरमध्ये ८५ प्रतिशत बाख्रा र भेडा रहेको तथ्याङ्क निकायले जनाएको छ।

यहाँको कुल भूभागको करिब ७० प्रतिशतसम्म हिउँ परेको छ। चारैतिर अत्यन्त चीसो अनुभव गरिएको मौसम विज्ञान तथा वातावरणीय अनुगमनका लागि राष्ट्रिय एजेन्सीले उल्लेख गरेको छ।

पूर्वका खेन्टी र सुखबाटार, मध्यपश्चिममा अर्खाङ्गाई र पश्चिमका खोभड र युभ्समा सबैभन्दा बढी जनावरको मृत्यु भएको छ। एनएसओका अनुसार मङ्गोलियामा सन् २०२२ को अन्त्यमा ७१.१ मिलियन पशुहरू रहेको थियो।

भूपरिवेष्ठित देशको खानीमा निर्भर अर्थतन्त्रलाई विविधीकरण गर्न पशुपालनको प्रवर्द्धनलाई सबैभन्दा प्रभावकारी माध्यम मानिन्छ।

# युरोपेली बैंकहरू बलिया छन्- फ्रान्सेली केन्द्रीय बैंक प्रमुख

एएफपी

पेरिस। युरोपेली बैंकहरूको अवस्था अमेरिकी ऋणदाताहरूको जस्तो नभएको फ्रान्सको केन्द्रीय बैंक प्रमुखले बताएका छन्।

अमेरिकामा देखिएको बैङ्किङ सङ्कटको त्रासका बीच उनले शुक्रबार सो टिप्पणि गरेका हुन्।

उनले भने यस क्षेत्रका बैङ्कहरू "अत्यन्तै ठोस" आकारमा छन्। दुई अमेरिकी ऋणदाताहरूको असफलताले यस क्षेत्रमा सङ्क्रामक स्थिति सृजना हुने डर बढाएको छ। समस्याग्रस्त युरोपेली बैंकिंग विशाल क्रेडिट सुइसले स्विस केन्द्रीय बैंकबाट ४ ५४ अर्बसम्म ऋण लिनु परेको छ। युरोपेली केन्द्रीय बैंकको गभर्निङ काउन्सिलका सदस्य फ्रान्कोइस भिलेरोय डे गाल्हाउले बीएफएम बिजनेस टेलिभिजनलाई अन्तर्वार्ता दिदै सो टिप्पणी गरेका हुन्।

"फ्रान्सेली र युरोपेली बैङ्कहरू अत्यन्तै बलिया छन्, अमेरिकी बैंकहरू जस्तै स्थितिमा छैनन्" उनले भने।

# व्यवसायीका समस्या समाधानमा प्रधानमन्त्रीको आश्वासन कार्यान्वयनको प्रतीक्षामा छौं : उपाध्यक्ष श्रेष्ठ

*नेपाल उद्योग वाणिज्य महासङ्घका वस्तुगततर्फका उपाध्यक्ष अञ्जन श्रेष्ठ ३० वर्षदेखि व्यवसायमा हुनुहुन्छ। व्यवसायलाई विविधीकरण गरी लामो विभिन्न क्षेत्रमा लगानी विस्तार गर्नुभएका श्रेष्ठ सफल व्यवसायी मानिनुहुन्छ। प्रस्तुत छ, उहाँसँग मुलुकको वर्तमान आर्थिक अवस्था र निजी क्षेत्रले झेल्नु परेका समस्याका सन्दर्भमा केन्द्रित रही गरिएको कुराकानीको सम्पादित अंश:*



**प्र ब्याजदर बढी हुँदा व्यवसायी मर्कामा परे भन्दै तपाइँहरू आन्दोलनमा उत्रनुभयो । नेपाल बैंकर्स सङ्घले ब्याजदर घटाइसकेको अवस्थामा प्ले कार्ड बोकेर सडकमै उत्रनुपर्ने के बाध्यता आइलाग्यो ?**

-आन्दोलन नेपाल उद्योग वाणिज्य महासङ्घले सुरु गरेको होइन। जिल्ला उद्योग वाणिज्य सङ्घको आह्वानमा भएको आन्दोलनमा हामीले ऐक्यबद्धता जनाएका हौँ । पक्कै पनि व्यवसायीहरू मर्कामा छन्, पलायन हुने अवस्थामा पुगेका व्यवसायीको समस्यामा हामी पनि छौँ भन्दै साथ दिनका लागि सहभागी भएका हौँ।

**प्र. तपाईंहरूले ब्याजदर एकल विन्दुमा झर्नुपर्छ भनिरहनुभएको छ। आन्दोलनबाट ब्याजदर यति हुनुपर्छ भन्न मिल्छ र ?**

-हाम्रो जस्तो अर्थतन्त्र भएको मुलुकमा १० प्रतिशत ब्याजदर स्वाभाविक हो । हाम्रो भनाइ उद्योग र व्यापारका लागि ब्याजदर फरक हुनुपर्छ भन्ने हो । त्यसमा पनि साना तथा मझौला उद्योगको हकमा अझ सहुलियत हुनुपर्छ। ब्याजदर १० प्रतिशतभन्दा बढी हुनु हुँदैन। यद्यपि, महासङ्घले कहिल्यै पनि यति नै ब्याजदर हुनुपर्छ भनेर भनेको छैन । हामीले त मौद्रिक नीतिका औजार प्रयोग गरी ब्याजदर घटाउने प्रक्रियामा जानुपर्छ भनेका हौँ । नेपालमा सन् २०१० पछि नै प्रत्येक वर्ष तरलताको समस्या रहँदै आएको छ। हरेक वर्ष दशैँ र तिहारपछि तरलता समस्या हुन्थ्यो र चैतपछि समस्या समाधान हुँदैन जान्थ्यो। तर कोरोना महामारीको समयमा ठ्याक्कै उल्टो भयो र कोभिडपछि अर्थतन्त्रमा समस्या देखिन थालेको हो । त्यसपछि रुस र युक्रेनको युद्धले थप असर गऱ्यो। यसले 'लजिस्टिक कस्ट' उच्च भयो। कच्चा पदार्थ आपूर्ति शृङ्खला बिग्रियो। उत्पादन घट्यो। पेट्रोलियम पदार्थको मूल्य दोब्बर भयो। कोभिडका कारण विप्रेषण घट्यो, पर्यटन आगमन ठप्प हुँदा डलर आम्दानी पनि घट्यो। बाह्य समस्याका कारण आन्तरिक समस्या बढेको थियो। तर यी समस्या समाधानका लागि आर्थिक नीतिका प्रयास निकै कम भए बरु मौद्रिक नीतिमार्फत धेरै प्रयास धेरै भए। अर्थतन्त्र जोगाउने भन्दै कर्जा पुँजी निक्षेप (सिसिडी) अनुपातलाई परिवर्तन गरी कर्जा-निक्षेप (सिडी) अनुपात बनाइयो, आयात रोक्ने विषय, ब्याजदर वृद्धिको विषय मौद्रिक नीतिमार्फत् भयो। यसले अहिले समस्या देखिएको हो।

**प्र. मौद्रिक नीतिमार्फत केही सकारात्मक प्रयास पनि त भएको छ ?**

-सकारात्मक प्रभाव पनि छ। तर त्यसको कारणले मात्रै होइन। आयात निरुत्साहित गर्नका लागि सहज भयो होला तर सबै कारण होइन। अहिले त विप्रेषण बढेको छ । पर्यटकको सङ्ख्या बढेको पनि । यो त मौद्रिक नीतिका कारणले भएको होइन। बरु तत्कालीन समयमा लिएका मौद्रिक नीतिले अर्थतन्त्र सङ्कुचित भयो, बजार सुस्तायो। मौद्रिक नीतिका कारण उत्पादन घटेको छ। क्रय शक्ति पनि कम भएको छ। स्वभाविक रूपमा खपत घटेको छ। गत वर्षको बजेटले आठ प्रतिशतको आर्थिक वृद्धि हुने लक्ष्य लिएको थियो तर त्यसपछि आएको मौद्रिक नीतिले कर्जा प्रवाहको सीमा घटाइयो र आर्थिक गतिविधि ठप्प पार्ने काम भयो। यसको असर शुक्रबार बजारमा छ। व्यवसायी पीडामा छन्। बाह्य समस्या समाधानका लागि आन्तरिक समस्या बढाउने काम भयो।

**प्र. प्रधानमन्त्रीसँग भेटेपछि तपाईँहरूले ऐक्यबद्धता जनाएको आन्दोलन फिर्ता भयो । प्रधानमन्त्रीले के प्रतिबद्धता जनाउनुभयो ?**

-प्रधानमन्त्रीले करिब ६५ जिल्लाका प्रतिनिधिसँग ब्याजदर एकल विन्दुमा ल्याउने विषयमा प्रतिबद्धता जनाउनुभएको छ। हामीले चालु पुँजी कर्जा मार्गनिर्देशन संशोधन, रोजगारी कटौती तथा बजारले भोगेका समस्या पनि उहाँसमक्ष राख्यौँ । प्रधानमन्त्रीज्यूले समस्या समाधानमा आफू गम्भीर भएको र आफूले सक्दो प्रयास गरिरहेको बताउनुभयो । उहाँले संस्थागत निक्षेपको ब्याज घटाएर भए पनि ब्याजदरको समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको छ। नेपाल राष्ट्र बैंक स्वायत्त निकाय भए पनि हामीले माग गर्ने सरकार प्रमुखको तर्फबाटै भएकाले प्रधानमन्त्रीले दिनुभएको आश्वासन कार्यान्वयन हुने र समस्या समाधान हुनेमा विश्वस्त छौँ।

**प्र. महासङ्घको वर्तमान कार्यसमितिले 'भिजन पेपर २०३०' ल्याएको थियो। त्यसको कार्यान्वयन कुन चरणमा छ ?**

-महासङ्घले 'भिजन पेपर' अर्थतन्त्रको गतिलाई नयाँ दिशा दिनका लागि ल्याइएको हो। विसं २०४८ पछि खुला बजार अर्थतन्त्र आयो। त्यो नेपालको वित्तीय क्षेत्रको सुधारका लागि प्रयास थियो। त्यसपछि १० देखि १५ वर्षको अवधिमा दोस्रो चरणको सुधार आउनुपर्ने थियो। महासङ्घले अर्थतन्त्र र सामाजिक रुपान्तरणका विषयमा सरकारलाई सल्लाह दिने हो। महासङ्घको काम व्यावसायिक वातावरण र लगानीको सुरक्षाका लागि पैरवी गर्ने हो भने सरकारलाई पहलकदमी लिनका लागि घच्घचाउने हो। यसैका लागि अर्थतन्त्रमा नयाँ सुधार ल्याउनका लागि 'ब्लु प्रिन्ट'का रूपमा 'भिजन पेपर' ल्याइएको हो। यो अहिले कार्यान्वयनकै चरणमा छ। तर जुन गतिमा अगाडि जानुपर्ने हो त्यस अनुसार भएको छैन। निजी क्षेत्र र सरकार मिलेर जाने हो भने ५० प्रतिशत आयात प्रतिस्थापन, २२ लाखलाई रोजगारी, एक सय खर्बको अर्थतन्त्र बनाउन सकिन्छ।

**प्र. तपाइँ महासङ्घमा उद्योग परिषद्को सभापति पनि हुनुभयो। कार्यकाल कस्तो रह्यो ?**


-उपलब्धिका हिसाबले कार्यकाल सफल भयो भन्छु। तत्कालीन समयमा वस्तुगततर्फ एक सय तीनजना सदस्य हुनुहुन्थ्यो भने अहिले एक सय २३ जना सदस्य पुग्नुभएको छ । एसोसिएट सदस्य करिब नौ सयबाट एक हजार सात सय ६२ बनाइएको छ । जिल्ला नगर उद्योग वाणिज्य महासङ्घ एक सय नौबाट एक सय २५ बनाइयो । सङ्गठनको गरिमा र महिमा बढाउने काम भएको छ। विभिन्न क्षेत्रका समस्या, चुनौती र अवसरका विषयमा पनि काम गरिरहेका छौँ । महासङ्घमा वस्तुगत परिषद्को सचिवालय गठन गरी गतिविधि बढाउने काम भएको छ।

प्र. महासङ्घको नयाँ निर्वाचनको तयारी कस्तो छ ?

-आगामी निर्वाचनमा मैले वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवारी दिने निर्णय गरेको छु। यसका लागि टिम नै तयार गरी अघि बढिसकेको छु। संस्थागत रूपमा म महासङ्घमा २० वर्षअघि प्रवेश गरेको थिएँ। सुरुवातमै उद्योग, वाणिज्य र रोजगारदाता परिषदमा म सदस्य भएँ। त्यस्तै दुई पटक राजस्व समितिको सहसभापति भए। पदाधिकारी हुनुभन्दा अघि उद्योग समितिको सभापति थिए। नौ वर्षसम्म रोजगारदाता परिषदमा सदस्यका रूपमा काम गरे। म यसअघि अटो मोबाइल एसोसिएसनको अध्यक्ष पनि भए। तत्कालीन समयमा पनि अटो मोबाइल क्षेत्रमा भएका समस्या समधानका ठूलो काम गरेको छु। व्यवसायमा म ३० वर्षदेखि व्यवसायमा संलग्न छु। अहिले हामीले डेरी उद्योग, अटो मोबाइल, स्टिल उद्योग, ट्रेडिङलगायतका विविध व्यवसायमा लगानी गरी तीन हजारभन्दा बढीले रोजगारी दिएका छौँ। व्यावसायिक र साङ्गठानिक नेतृत्व सफलतापूर्वक निर्वाह गरेकाले व्यवसायीहरूको समस्या नजिकबाट बुझेको छु। जिल्ला उद्योग वाणिज्य सङ्घ, जिल्ला नगर उद्योग वाणिज्य सङ्घसँग कुराकानी गरेको छु। उहाँहरूका समस्या थाहा छ समाधानका लागि म काम गर्न सक्छु। व्यवसायीहरू पलायन हुने अवस्थाको अन्त्यका लागि पहल गर्नेछु। रासस

# सत्र परिवारद्वारा सञ्चालित होमस्टे, जहाँ पर्यटक फर्कीफर्की आउँछन्

सिन्धुली । पूर्वमा सेल्फी डाँडा, एक पोज फोटो डाँडामाथिको बुट्टेदार पर्खालको कभर लाएर खिच्न मन लाग्ने । पश्चिममा मन थिचेर राख्ने घनाजङ्गल, सुन्दर पहाडी प्राकृतिक दृश्य, सधैँ हेरिरहन मन लाग्ने । उत्तरमा ऐतिहासिकस्थल सिन्धुलीगढी, दक्षिणको थुम्कामा धार्मिक महत्व बोकेको भद्रकाली मन्दिर। यात्राका लागि आकर्षक नागबेली घुम्तीले रमणीय विपी राजमार्ग र दायाँबायाँको बस्तीले मोहित बनाउने ढुङ्ग्रेभञ्ज्याङ।



सिन्धुलीको कमलामाई नगरपालिका-२ मा ३० परिवारको बसोबास छ । मगर जातिको बाहुल्यता रहेको यस बस्तीमा १२ परिवारले सामूहिकरूपमा घरबास (होमस्टे) सञ्चालन गरेका छन् । जिल्लाकै पहिलो घरबासका रूपमा स्थापित भएको 'भद्रकाली सामुदायिक होमस्टे'मा प्राकृतिक सौन्दर्यता, स्वच्छ हावापानी, स्थानीय अर्ग्यानिक परिकार, स्थानीयको सरलता, निश्चलता, सहयोगीपन, मुस्कानसहितको बोली र व्यवहारले सबैलाई लठ्ठ बनाउने गर्दछ।

विसं २०७६ चैत २९ गतेदेखि सुरु भएको उक्त होमस्टे कोभिड-१९ को त्रासका कारण दुई वर्ष थलियो। अहिले पुनः पुरानै लयमा फर्किँदैछ । होमस्टेका अध्यक्ष चेतबहादुर थापामगरका अनुसार हालसम्म आन्तरिक र बाह्य गरी दुई सय पर्यटकले यहाँको आतिथ्यता ग्रहण गरिसकेका छन्। एक साँझ बिताउन आएका पर्यटक चार दिनसम्म बसेर जाने गरेका उहाँले सुनाउनुभयो।

जनमैत्री क्याम्पस भक्तपुरबाट नवराज गुरागाईंको नेतृत्वमा आएको २२ जनाको टोली होमस्टेमा एक साँझ बिताउन चाहन्थ्यो । तर यहाँको आतिथ्यता, वातावरण र प्राकृतिक सौन्दर्यताबाट मोहित भएर चार दिन बसेर फर्कियो । "होमस्टेमा आउने पर्यटक स्थानीय अर्ग्यानिक परिकार खान रुचाउँछन्। लोकल कुखुरा, ढिडो, कोदोको सेलरोटी, फापरको फुलाउरा, मकै र भटमास, गुन्द्रुकको अचार, दही, दूध रोजाइमा पर्दछ", अध्यक्ष थापामगरले भन्नुभयो, "एकपटक आएका पाहुना पटक-पटक आउनुहुन्छ।"

होमस्टे माथिको सेल्फी डाँडालाई व्यापारिक केन्द्र बनाइएको छ। होमस्टेअन्तर्गतको कार्यक्रम अनुरुप १७ परिवारले जिल्लामा पाइने स्थानीय कृषिजन्य उत्पादन बिक्री गर्नुहुन्छ । जुनार, जुनारको जुस, सुन्तलतासहित मौसमी फलफूल, तरकारी, चिया, कफी, खाजाका विभिन्न परिकार यहाँ पाइन्छ । टाढाको यात्राबाट थाकेर आएका यात्रु होमस्टेमा बस्न पाएनन् भने यही स्थानमा एकछिन रोकिएर जुनार जुस पिउँछन्, खाजा खान्छन्, केहीबेर यात्राको थकान मेट्छन् र पोजपोजका तस्बिर खिचेर पुनः यात्रा तय गर्दछन्।

पर्यटक होमस्टेमै आएर बस्छन्। एकपटकमा ५० जनासम्म अटाउने क्षमता छ । पर्यटकको चाहनाअनुसार बेलुकाको खानापछि यहाँ विशेषगरी मगर जातिको मौलिक नाच हेर्न पाइन्छ। होमस्टेले पर्यटकलाई सस्तो, सुलभ र पारिवारिक वातावरणले सहजतामात्रै थपिदिएको छैन । स्थानीयलाई रोजगारी पनि दिएको छ। स्थानीय उत्तमकुमारी आलेमगर अरु व्यवसायभन्दा होमस्टेमा फाइदा देख्नुहुन्छ । होमस्टे सञ्चालन तथा व्यवस्थापनसम्बन्धी तालिम तथा अन्य जिल्लाका होमस्टेको अवलोकन भ्रमण गर्नुभएकी उहाँ ढुङ्ग्रेभञ्ज्याङवासीको भविष्य होमस्टे व्यवसायले राम्रो बनाउनेमा विश्वस्त हुनुहुन्छ।

ढुङ्ग्रेभञ्ज्याङको विकासमा विपी राजमार्ग वरदान सावित भएको छ। तीस वर्षअघिसम्म नुनदेखि सुनसम्म किन्न सिन्धुलीमाढी बजार पुग्नुको विकल्प थिएन । "राजमार्ग निर्माण अगाडि बढेपछि अन्यत्र ठाउँबाट आएका व्यक्तिले यहाँ किराना पसल चलाएका थिए। लगानी गरेर व्यापार, व्यवसाय गर्ने क्षमता भइनसकेका केही पुरुष वैदेशिक रोजगारीमा हानिए, कोही निर्वाहमुखी खेतीमा खटिए। गृहस्थी महिला घर धानेर बसे", आलेमगरले भन्नुभयो ।

राजमार्गमा सवारीसाधनको चाप बढ्न थालेसँगै घर-घरमा पानी, बत्तीको सुविधा थपियो । ठाउँको विकास भएसँगै स्थानीयमा चेतनाको स्तर बढ्यो । आफूले खाएर बचेको स्थानीय कृषिजन्य उत्पादन राजमार्ग छेउमा बसेर बेच्न थालेका छन्। तीन वर्षअघि मात्रै पर्यटकीय सम्भावना बोकेको यस बस्तीमा सामूहिक होमस्टे सञ्चालन गरिएको हो । यसका लागि कमलामाई नगरपालिका, कन्दमूल विकास केन्द्र, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य सङ्घ, सिड्स नेपाल, श्री सिन्धुलीलगायत सङ्घसंस्थाको साथ र सहयोग रहेको उहाँले बताउनुभयो।

"सबै परिवार मिलेर सामूहिक होमस्टे सञ्चालनमा ल्याएका हौँ", आलेमगरले भन्नुभयो, "लगानी गर्नु नपर्ने, आफ्नो गाउँठाउँमा उत्पादन भएको सागसब्जी, फलफूल, लोक कुखुरालगायतका अन्य परिकार, जो परिवारको लागि दैनिक बनाइन्छ। होमस्टेमा आउने अतिथि यसैमा रमाउँछन् । काम खोज्दै भौँतारिनु नपर्ने, अरु व्यापार, व्यवसायभन्दा सजिलो, हरेक दृष्टिकोणले फाइदा र सुरक्षित यसैमा भएकाले हामी उत्साहित छौँ।"

होमस्टे सञ्चालन तथा व्यवस्थापनसम्बन्धी तालिम लिनुभएको र विभिन्न जिल्लामा रहेका होमस्टे भ्रमण गर्नुभएको उहाँलाई आफ्नो ठाउँमा पनि होमस्टेले आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा टेवा पुग्ने, स्थानीयको जीवनस्तर उकासिने र दैनिक जीवनयापनमा परिवर्तन देखिन थालेको देख्दा खुसी लाग्छ। विमला थापामगरले २७ अतिथिको सेवा गरेर रु ३३ हजार सात सय आम्दानी भएको सुनाउनुभयो । चुलोचौकामै सीमित रहनुभएकी उहाँ होमस्टेमा सक्रिय भएर लागेपछि घरपरिवारको खर्च आफ्नै कमाइले धान्नसक्ने हुनुभएको छ।रासस

# डेभलपमेण्ट बैङ्कर्स एशोसिएसन नेपालको अध्यक्षमा श्रेष्ठ

काठमाण्डु। विकास बैङ्कको साझा संस्था 'डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल'को नयाँ कार्यसमिति चयन भएको छ । सो संस्थाका अध्यक्षमा साङ्गीला डेभलपमेण्ट बैङ्कका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ चयन हुनुभएको छ । शुक्रबार सम्पन्न संस्थाको १७औं वार्षिक साधारणसभाले कार्यसमितिका पदाधिकारी चयन गरेको हो।

उपाध्यक्षमा महालक्ष्मी विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटा, सचिवमा सिन्धु विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत रामकुमार गिरी, कोषाध्यक्षमा लुम्विनी विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत नरेशसिंह बोहरा चयन हुनुभएको छ।

त्यस्तै, सदस्यमा साइन रेसुङ्गा डेभलपमेण्ट बैङ्कका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल, ज्योति विकास बैङ्कका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र एक्सल डेभलपमेण्ट बैङ्कका प्रमुख कार्यकारी अधिकृत डा इन्द्र कट्टेल चयन हुनुभएको छ।

नवनिर्वाचित अध्यक्ष सुयोग श्रेष्ठले विकास बैङ्कको हक र हितका लागि कार्य गर्न लागिपर्ने प्रतिवद्धता जनाउनुभयो। आजका विकास बैङ्क व्यसायका दृष्टिकोणबाट हिजोका बाणिज्य बैङ्कजस्तै रहेको बताउनुभयो । कूल ९० वटा विकास बैङ्क घटेर १७ मा आइपुग्दा पनि बजार हिस्साका हिसाबले पहिले जति नै कायम राख्नु सक्नु आजका विकास बैङ्कको उपलब्धि भएको उहाँको भनाइ छ। रासस

# नेप्सेमा धर्ना दिन पुगेका लगानीकर्ता पक्राउ

काठमाण्डु । भद्रकालीस्थित नेपाल स्टक एक्सचेन्ज (नेप्से) को कार्यालयमा धर्ना दिन पुगेका लगानीकर्तालाई प्रहरीले पक्राउ गरेको छ।

पुँजीबजार सुधारका लागि नेपाल राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर शिवराज श्रेष्ठको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको सुझाव प्रतिवेदन कार्यान्वयनको माग राख्दै लगानीकर्ताहरू शुक्रबार बिहान नेप्से कार्यालय घेराउ गर्न पुगेका थिए।

निषेधित क्षेत्रमा धर्ना बसेपछि तीनजनालाई नियन्त्रणमा लिएर प्रहरी वृत्त अनामनगर लगिएको प्रहरी वृत्त अनामनगरका प्रहरी निरीक्षक दीपेन्द्र श्रेष्ठले जानकारी दिनुभयो। लगानीकर्ता तिलक कोइराला, नयन बाँस्तोला र अर्जुन कोइरालालाई गिरफ्तार गरिएको छ । पुँजीबजारसम्बन्धीसुझाव प्रतिवेदन कार्यान्वयनको माग लिएर लगानीकर्ता नेप्सेको कार्यालयमा भेला भएका थिए।

कार्यालय पुगेका लगानीकर्तालाई नेप्सेका कम्पनी सचिव मुराहरी पराजुलीले छलफलमा बस्न भनेपनि लगानीकर्ताले अध्यक्षसँग बाहेक अरुसँग कुरा नगर्ने भन्दै धर्नादिएर बसेका थिए।

कोइरालाले पुँजीबजार सुधारका लागि सुझाव प्रतिवेदन कार्यान्वयनको माग राखेको बताउनुभयो । "हाम्रो माग ५८ बुँदे सुझाव प्रतिवेदन कार्यान्वयन होस् भन्ने हो । पटक-पटक आग्रह गर्दा पनि कार्यान्वयन नभएपछि उक्त प्रतिवेदनका सबै सुझाव अक्षरसः पालना हुनुपर्छ भनेर दबाब दिन भेला भएका हौं", उहाँले भन्नुभयो।रासस


## सूचना ! सूचना !! सूचना !!!

मधेश प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, जनकपुरधाम धनुषाको बित्तीय सहयोगमा पिरामिड टेक्निकल ईन्स्टिच्युट प्रा.लि. द्वारा आ.व.०७९।०८०को मिति २०७९/१२/१५ देखि सञ्चालन हुन लागेको निम्न विषयको तालिम सिक्न चाहने ईच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | तालिमको विषय | अवधी | योग्यता | तालिम संचालन हुने केन्द्र | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | मन्टेश्वरी | ६५ दिन ३९० घण्टा | एस एल.सि /एस .ई .ई | जनकपुरधाम धनुषा,२० जना | समिर यादव, ९८५२०८९७०७ |
| | | | | महोत्तरी गा.पा र भ्रमरपुरा महोत्तरी ४० जना | राजिव यादव, ९८६१४२४३३६ |
| | | | | लाहान नगरपालिका,सिराहा २० जना | सिताराम राउत, ९८४२८२६६२० |
| | | | | ईश्वरपुर नगरपालिका,सर्लाही २० जना | देब राज थापा, ९८१२२०७६२ |

**आवश्यक कागजातहरू**:- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,३ प्रति पासपोर्ट साईजको फोटो
**उमेर**:- १८वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**फाराम भर्ने अन्तिम मिति**: २०७९।१२।१०
**अर्न्तवार्ता मिति**:- २०७९।१२।११
**सम्पर्क व्यक्ति र फोन नं**:- समिर खडका :- ९८०२७८२४४४ सरोज चौलागाई :-९८४२१६७३१२
**तालिम शुरू मिति**: २०७९।१२।१५
**नोट**:- आवश्यक कागजात सहित निबेदन लेखि निम्न ठेगानामा ईमेल मार्फत पनि आबेदन दिन सकिनेछ।
Email : pyramidtech2069@gmail.com

# चम्पाको चिन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवका श्रीमती चम्पा देवी चिन्तित भएकी छन् ।

शुक्रबार सम्पन्न उपराष्ट्रपतिको निर्वाचनमा श्रीमान यादव विजयी भएपछि उनले एक लाखको भैसी ६० हजारमा बेच्न बाध्य भएपछि उनी चिन्तित भएकी छन् ।

सुरक्षाको दृष्टिकोणले उनको दैनिक दिनचर्यामा परिवर्तन आएपछि पनि उनी खिन्न छन् । उनले दिनहुँ विहान भैसी घरबाट बाहिर गर्नु, गोठ सफासुघर गर्नु, भैसीलाई दुहनु, भैसीलाई विहार पराल दिनु, पछि भूस मिलाएर खान दिनु उनको दिनचर्या थियो । महत्वपूर्ण रहेको उनका मित्रहरुको भनाइ छ ।

गोठको काम सकेपछि उनी आफ्नो नियमित कर्म गर्नु पछि घरको काममा सक्रिय हुनुले उपराष्ट्रपति यादव भित्र देखि प्रसन्न हुनु स्वभाविक थियो तर, श्रीमतीको व्यस्तता देखेर उनी कतेकौ पटक दुखी हुने गरेका थिए । तर, यादव खुशी छन् तर, उनका श्रीमती दुखी छन् । उनी शुक्रबार नै पैत्रिक गाउँबाट



विहान उठ्ने वितिकै चम्पा आफ्नो घर आंगनको सरसफाइ र आफ्नो नियमित कर्म गर्नु भन्दा पहिला उनी सुतेर उठेपछि गोठ तिरनै दगुर्ने गर्थे । नवनिर्वाचित उपराष्ट्रपतिको राजनीतिक यात्रामा त्यो भैसी र चम्पा दुवै काठमाण्डु पुगेका छन् । शुक्रबारनै उनले एक लाखको भैसी ६० हजारमा बेचेर काठमाण्डु पुगेका उनका नातेदारहरुले जानकारी दिएका छन् ।

चम्पा स्वभावले सरल र सहज रहेकै कारण गणित विषयका शिक्षक यादव आफ्नो राजनीतिक यात्रा तय गर्न सफल भएका थिए । उनको स्वभावले उपराष्ट्रपति यादव प्रभावित थिए । चम्पाको साथ र सहयोगले उनी आफ्नो राजनीतिक यात्रामा पूर्ण विराम लगाउने सोच कहिले काही आए पनि उनी रुकेन ।

चम्पा आज चिन्तित छन् । उनले वर्षौ विताइ सकेकी गाउँवाट आज उनी विदा हुदैथिइन् । दिनहुँको कामकाज सकेर खेतमा संगै काम गर्ने साथीहरुबाट टाढा हुँदा उनको आँखा रसिएको थियो । श्रीमान् उपराष्ट्रपति हुनुको खुशी र गाउँ छोड्नु परेको दुःख संगैले चम्पामा नत हर्ष नत विस्मय थियो । चम्पालाई गाउँमा सबैले माया गर्ने र उनीबाट कसैले कहिले पनि झै झगडा नगर्ने महिलाको रुपमा चिन्हिन्थ्यो । गाउँ घरमा छिमेकीहरु संग झै झगडा हुनु स्वभाविक मानिए पनि उनको स्वभावबाट पनि उपराष्ट्रपति यादव हरेक उतार चढाव आत्मसात गर्दै आफ्नो लक्ष्य पाउन सफल भए ।

राजनीतिक यात्रामा चम्पाका श्रीमान उपराष्ट्रपति यादव एक पटक सानो समयका लागि मन्त्री भए भने अहिले उनी उपराष्ट्रपतिमा विजयी भए ।

चम्पालाई उपराष्ट्रपतिको हैसियत पनि थाहा नभएका कारण अहिले उनी के भयो भनेर बुझ्न पनि सकेकी छैनन् । उनलाई काठमाण्डु जानका लागि लिन आएकाहरु संग जानु पर्छ भनेर छिमेकीहरुले भनेपछि उनी भावुक भएकी थिइन् । गाउँलेले तिम्रो सुरक्षाकोलागि उनीहरु आएको हो भनेपछि चम्पा सुरक्षा समेत बुझ्न नसकेपछि गाउँलेहरुकै भनाइ र श्रीमान उपराष्ट्रपति यादवले भनेपछि उनी काठमाण्डुको यात्रा तय गरेको उनका एक गाउँलेले बताए ।

# नेपाली क्रिकेटले देखाएको राष्ट्रिय एकता



ब्लग :



श्यामसुन्दर शशि

राजनीतिक बेतिथि र नेताहरुको गैरजिम्मेवार क्रियाकलापको कारण वाक्क दिक्क बनेका नेपाली जनता विहीबार राजनीतिक खबरतिर ध्यानै दिएनन् । उपराष्ट्रपतिको चुनाव,राष्ट्रपतिको गालाको कोठी हराएको र पुनः प्रकट भएको, प्रधानमन्त्रीको भाषण, सरकारको निर्णय, मलखादको मूल्य वृद्धि आदि इत्यादि घटनाहरुलाई वास्तै गरेनन् । सबैकोरुचि नेपाल-युएईबीचको आईसीसी पुरुष क्रिकेट विश्वकप लिग-२ तर्फ थियो । सबै नेपालको विजय चाहन्थे ।कोही टेलिभिजन चियाउँदै थिए । कोही प्रत्यक्ष अवलोकन गर्न त्रिविवि खेल मैदान पुगेका थिए । कोही म्याच अपडेट हेर्न मोबाइल हेर्दै थिए । कोही फोन मार्फत अपडेट लिदै थिए । सबैको एउटै चाहना थियो - हामी जित्नु पर्दछ । नेपाल जित्नु पर्दछ । अनि सन्ध्या नेपालको कुना कुनाबाट सम्मिलित स्वर गुञ्जियो - नेपाली क्रिकेट जिन्दावाद । हामी जित्यौं । नेपाली खेलाडीहरुले राम्रो गऱ्यो । गुलशन तिमी कमाल हौं । नेपालको शान हौ ।

तराई-पहाड-हिमालबाट मात्र होइन, आर्य-खस, मधेशी, आदिवासी जनजाति, मुसलिमलगायतका सबै गाउँ- वस्तीबाट यही स्वर गुञ्जायमान भयो - नेपाल जित्यो ...हामी जित्यौ । विहीबार जातीय क्लस्टर हराएको थियो । धार्मिक रेखा मेटिएको थियो । देश विदेशमा बस्ने तीन करोड नेपाली एकाकार थिए । र एकताको डोरी बनेको थियो - नेपाली क्रिकेट टिम । जसले सिंगो नेपाललाई एक धागामा बांध्न भ्याए । जातीय, क्षेत्रीय, वर्गीय, लैङिक, धार्मिक विभेद हटाउने एकमात्र सूत्र छ - समावेशीता । समानुपातिकता । सहकार्य । अनि विभेद हटेपछि जागृत हुने हो - राष्ट्रिय एकता । जो विहीबार हामीले हेऱ्यौं । महसुस गऱ्यौ । प्रदर्शित गऱ्यौ ।

तर खुसीको यस माहोलमा मलाई अलि अमिलो प्रश्न सोध्न मन लाग्यो - राष्ट्रिय क्रिकेट टिमले सिंगो नेपाललाई एक सूत्रमा जोड्न भ्याए जस्तै राष्ट्रिय फुटवल टिमले किन सकिरहेको छैन ? प्रदेश वा संघीय मन्त्रिपरिषद् गठन हँदा सिंगो नेपाल किन एकीकृत हुँदैन ? राजदूतदेखि संवैधानिक निकायहरुमा नियुक्ति हुँदा सिंगो नेपालबाट 'हामी जित्यौं' को जयघोष किन सुनिदैन ? यी प्रश्नहरु अमिला अवश्य छन तर राष्ट्रिय एकताका सूत्र हुन् । नेपाली राष्ट्रिय क्रिकेट टिम सिंगो नेपालको साझा बन्नसक्नुको कारण हो - यसमा सिंगो नेपालको अनुहार देखिन्छ । यस टिमले सम्पूर्ण क्लष्टरहरुको प्रतिनिधित्व गरेको छ । टिमका क्यापटन छन् - रोहित पौडेल । अनि प्लेइङ ११ का खेलाडीहरु थिए - संदीप लामिछाने, कुशल मल्ल, करण केसी, ज्ञानेन्द्र मल्ल, प्रतिश जिसी, भीम सार्की, ललित राजवंशी, गुलशन झा, कुशल भुर्तेल, सोमपाल कामी, दीपेन्द्र सिंह ऐरे, आरिफ शेख र आशिफ शेख । यी नामहरुले सिंगो नेपाललाई जोडे । अनि उनीहरुको उत्कृष्ट खेलले नेपालीको मन र मुटु हर्षित बनाए । म दावाका साथ भन्न सक्छु - कथंकदाचित नेपाली क्रिकेट टिम हारेको भए पनि सिंगो नेपाली राष्ट्रिय क्रिकेट टिमको साथ हुन्थे । सामूहिकतामा हार जित भन्ने केही हुदैन । जीत साझा हुन्छ भने हार पनि साझा हुन्छ ।

पत्रकार वीरेन्द्र केएम आफ्नो फेसबुक वालमा नेपाली खेलाडीहरुको प्रदर्शनको जिस्ट राख्दै लेख्नु भएको छ - 'हो यसरी समग्र नेपालीको नेतृत्व भए मात्र बन्छ नेपाल ! कल्पना गरौं त :देशमा सार्की (पहाडीमूल - दलित) राष्ट्रपति होस् । शेख (तराईमूल - मुस्लिम) उपराष्ट्रपति होस् । भुर्तेल (पहाडी - खस - आर्य) प्रधानमन्त्री होस् । र झा (तराईमूल - खसआर्य - मधेशी) उपप्रधानमन्त्री/गृहमन्त्री होस् । अनि देश बन्दैन ? उदाहरणका लागि हिजोको क्रिकेट खेलमा खेलडीहरुको समावेशीता हेरे हुन्छ ।'

नेपाल जितेको केही घण्टा नवित्दै मधेश प्रदेश सरकारले गुलशन झा र आरिफ शेखलाई जनही २/२ लाख रुपैयाँ पुरस्कार दिने घोषणा गऱ्यो । मधेश सरकारको यो निर्णय सराहना योग्य छ । खेलाडीको मनोबललाई बढाउने छ । अन्य प्रदेश सरकारहरुले पनि आ-आफ्ना प्रदेशका खेलाडीहरुलाई यसैगरी पुरस्कृत गर्नुपर्दछ । म त के भन्छु भन्ने प्रदेशको ब्राण्ड एम्बेस्डर बनाउनुपर्दछ । मासिक तलव भत्ताको व्यवस्था गर्नुपर्दछ । तर मधेश प्रदेश सरकार खेलकुदमा लगानी नगर्ने अनि व्यक्तिगत लगानी र मिहिनेत गरेर उच्च मुकाममा पुग्नेलाई सम्मानमात्र गर्नु पनि उचित होइन । मधेश प्रदेश सरकार खेलकुदमा प्रयाप्त लगानी गरेर अनेकौ गुलशन, आरिफहरु उत्पादन गर्नुपर्दछ । जसले नेपाली मनहरुलाई बाह्रै महिना खुशी बनाउने छ ।



आरिफ शेख

**नेपालका लागि चार खेलाडीले अर्धशतक प्रहार गरे । जसमा भीम सार्कीले सर्वाधिक ६७, आरिफ शेखले ५२ र कुशल भूर्तेलले ५० रन बनाउँदा गुल्सन झा ५० रनमा अविजित रहेका थिए ।**



गुल्सन झा

# गोपाल सेवा समितिद्वारा दीपावली



**टुडे समाचारदाता**

जनकपुरधाम । गोपला सेवा समितिले उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव विजयी भएको अवसरमा दीपावली मनाउनुका साथै मिठाई वितरण गरेका छन् ।

गोपला सेवा समिति धनुषाका अध्यक्ष रामबाबु यादवको नेतृत्वमा पूर्व केन्द्रीय सदस्य रामगोविन्द यादव, जिल्ला उपाध्यक्ष राजेन्द्र यादव, जिल्ला उपाध्यक्ष रामपुकार यादव, युवाका उपाध्यक्ष ललित यादव यदुवंशी लगायतका पदाधिकारी र सदस्यहरुले जनकपुरधाम स्थितको कृष्णमन्दिरमा दीप प्रज्वलन गर्नुका साथै मिठाइ वितरण गरेका थिए ।

सो अवसरमा वक्ताहरुले रामसहाय प्रसाद यादव मधेशी समुदायको भए पनि उनी सम्पूर्ण देशवासीको मन जित्न सफल हुने विश्वास व्यक्त गरेका थिए । उपराष्ट्रपति पद कार्यकारी नभएपनि आफ्नो राजनीतिक सुझवुझ र अनुभवले सम्पूर्ण देशवासीलाई एकले अर्का संग जोड्ने विश्वास व्यक्त गरेका थिए ।

# उपराष्ट्रपतिको खुशीयाली जनकपुरमा

**टुडे समाचारदाता**

जनकपुरधाम । उपराष्ट्रपतिमा मधेश प्रदेशका रामसहाय यादव निर्वाचित भएपछि जनकपुरधाममा खुशीयाली मनाइएको छ । शुक्रबार जनता समाजवादी पार्टी (जसपा) नेपालका भातृ संगठन समाजवादी युवा संघ र समाजवादी विद्यार्थी युनियन नेपाल धनुषाले खुशीयाली मनाएको छ ।



युवा र विद्यार्थीहरुले जनक चोकमा दीप प्रज्वलन गरी खुशी साटासाट तथा शुभकामना दिएका छन् । मधेश प्रदेशको सादगी नेताको रुपमा परिचय बनाएका यादव उपराष्ट्रपतिमा शुक्रबार निर्वाचित भएका छन् । ०४७ सालदेखि राजनीति सुरु गरेका उनी गत निर्वाचनमा बारा क्षेत्र नम्बर २ बाटै निर्वाचित भएका थिए ।

सो कार्यक्रममा जसपाका नेता ज्ञानेन्द्र यादव, उर्मिला साह, बरुण यादव, ललित मण्डल, लालबाबु यादव, सीताराम यादव, रामु महरा तथा युवाका जिल्ला अध्यक्ष दीपेन्द्र कापरीसहितको उपस्थिति रहेको थियो ।

# कुर्था बिजलपुरा रेल संचालन अझै अनिश्चित

**ध्रुबकुमार झा**

जनकपुरधाम । जयनगरदेखि कुर्थासम्म रेल सेवा नियमित सञ्चालन भएको एक वर्ष बित्न लाग्दा पनि कुर्थादेखि बिजलपुरासम्म रेल सेवा सञ्चालन अझै अनिश्चित देखिएको छ ।

भारत सरकारको ८ अर्ब ७७ करोड नेपाली रुपैयाँ सहयोगमा निर्माण हुने जयनगर-बिजलपुर-बर्दिवाससम्म ६९ किलोमिटर रेल मार्ग अन्तर्गत पहिलो चरणमा जयनगर-कुर्थासम्म ३२ किलोमिटर रेल सञ्चालन भएको एक वर्ष बित्न लाग्दा पनि कुर्था-देखि बिजलपुरासम्मको ९० प्रतिशत काम सम्पन्न भइसकेको छ तर पनि कहिलेदेखि नियमित सञ्चालन गरिने बारे मिति तोकेर भन्न नसकिने नेपाल रेल्वे कम्पनीले जनाएको छ

प्रबन्ध सञ्चालक निरंजन झाका अनुसार चालु आर्थिक वर्ष भित्रै सञ्चालन गरिने तयारी छ,तर स्टेशन तथा हल्टहरुमा सुरक्षाको व्यवस्थापनलगायतका कामहरु बाँकी रहेकोले यही मितिमा सुरु हुन्छ भन्न सकिन्न।

कुर्थादेखि बिजलपुरासम्मको ट्र्याक निर्माण, स्टेशन, हल्ट निर्माण भइसककोले नयाँ वर्षसंगै मधेश प्रदेशवासीले नयाँ सौगात पाउने अनुमान गरिएको छ ।

सरकारले बेवास्ता गरेको कारण आर्थिक अभावले स्टेशनमा सुरक्षाकर्मीहरुको लागि आवास तथा खानेपानी लगायतको पूर्वाधार तयार हुन नसक्दा बिजलपुरादेखि कुर्थासम्म रेल संचालन अनिश्चित देखिएको बताइन्छ ।

कुर्थादेखि जयनगरसम्म संचालनमा रहेको रेल्वे प्रतिदिन एक हजार भन्दा बढी यात्रीहरुले





यात्रा गर्ने गरेका छन् । रेलको संख्या र संचालन हुने दूरी सीमित रहेकोले अहिले रेल्वेको आम्दानी भन्दा खर्च एकमदै धेरै देखिएको भए पनि रेल्वे संचालनले यस क्षेत्रको यातायातमा भने नयाँ आयाम थपेको छ ।

नेपाल रेल्वे कम्पनीका अनुसार रेल्वेको मासिक आम्दानी लगभग ६५ लाख रहेको जनाइएको छ । सुरु भएको एक वर्ष नबित्दै प्रति महिना यात्रीहरुको संख्यामा थोरै भए पनि वृद्धि भएर गएकोले नेपाल रेल्वे कम्पनीको भविष्य सुनौलो हुने विश्वास गरिएको छ ।

रेल सञ्चालन भएपछि दैनिक दुई लाख १० हजार रुपैयाँको टिकेट बिक्री हुँदै आएको छ । यसरी हेर्दा वार्षिक सात करोड ६६ लाख रुपैयाँ आम्दानी हुन्छ र खर्च १६ करोड । तर राज्यद्वारा प्रदान गरिने सबै सेवाहरु नाफामूलक नै हुन्छ भन्ने होइन,यो सेवामूखी हो र प्रत्यक्ष रुपमा घाटामा जस्तो देखिए पनि गहिरिएर हेर्ने हो भने थुप्रै फाइदा छा',उनले भने ।

रेल्वे सञ्चालन भएपछि दोस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा वृद्धि हुनु यस क्षेत्रका नागरिकहरुको यातायात खर्च मितव्ययी हुनुलगायतका फाइदै फाइदा रहेको झाको कथन छ ।

जापानको केही रेल बाहेक विश्वका कुनै पनि यात्रुवाहक रेल सेवा नाफामा छैन । प्रबन्धक झाले भने रेल्वे घाटामा छ भनेर हल्ला मचाउनुको कुनै तुक नै छैन,नाफामै लग्नु छ भने तत्काल कार्गो रेलसेवा प्रारम्भ गर्न सक्नुपर्छी रेल सेवा विस्तार हुँदै जाँदा विस्तारै नाफामै जाने हो ।

रेल्वेलाई सञ्चालनको आर्थिक व्यवस्थापनका लागि एकातिर दीर्घकालीन योजना अनुसार व्यापारिक कम्पलेक्स निर्माण गरिने भएको छ भने अर्को तर्फ भारतमा हुँदै आएको रेलको फ्युल सिष्टम नेपालमै निर्माण गर्न लागेको बताइन्छ ।

यस अघि २०७० साल चैत ४ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार सरकारले रेल्वे संचालनका लागि १४ करोड रुपैयाँ प्रदान गरेको थियो । 'तत्कालीन प्रबन्ध सञ्चालक गुरु भट्टराई रहेको बेला सो रकम नेकपा एमालेको सरकारले प्रदान गरेको थियो त्यसपछि अहिलेसम्म सरकारले एक रुपैयाँ पनि दिएको छैन अनि कसरी चल्दैछ त रेल्वे ।' भन्ने प्रश्न झाले गरे ।

बिजलपुरामा फ्युल केन्द्र स्थापनाको लागि काम द्रुत गतिमा शुरु भइसकेको जानकारी दिँदै उनले नेपाल रेल्वे कम्पनी विकोन्मुख रहेकोले यसको प्रबर्द्धनका लागि सबै क्षेत्रको सकारात्मक सहयोग आवश्यक रहेको बताए ।

रेल सञ्चालनका लागि आवश्यक जनशक्ति पनि भारतकै रहेकाले कर्मचारीको तलबका लागि वार्षिक तीन करोड तथा रेल्वे इनधनको वार्षिक खर्च दुई करोड १० लाख रुपैयाँ खर्च हुँदै आएको छ ।

राज्यद्वारा प्रदान गरिने सबै सेवा नाफामूखी नै नहुने भन्दै नेपाल रेल्वे घाटामा छ भन्ने गुनासो गर्नु अहिले हतार हुने धारणा अर्थविज्ञ एवम् समाजसेवी डा.सुरेन्द्र लाभको छ । उनी भन्छन्,'सरकारले अस्पतालहरु खोल्छन् के यसमा पनि नाफा खोज्छन् त खोज्दैनन त्यस्तै यातायात सेवाको साधन हो रेल्वे यसमा पनि नाफा भन्दा पनि यसको नियमित सञ्चालको लागि सरकार गम्भीर हुनु पर्छ,रेल्वे विस्तार भइ विस्तारै नाफा हुने नै छ हतार गर्नु भएन।'

देशकै एकमात्र रेल्वे सेवा एकातर्फ भारतीय पर्यटकहरुको लागि कोशे ढुँगा साबित भएको छ भने अर्को तर्फ नेपालकै आन्तरिक पर्यटकहरुका लागि यो ऐतिहासिक रेल दर्शनीय भएकोले यसको संचालनमा अहिले घाटा नाफा भन्दा पनि यसको विस्तार र विकासमा ध्यान केन्द्रित गर्नु पर्ने अर्थविज्ञ लाभको कथन थियो । रेल्वे नियमित संचालनमा आएपछि भारतीय पर्यटकहरुको आवागमनमा व्यापक वृद्धि हुनु नै तत्कालको लागि ठूलो नाफाको कुरा रहेको उनले प्रष्ट पारे ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका कार्यकारी निर्देशक प्रदीप दत्तले रेल्वेलाई यात्रुबाहेक नेपाल भारतबीचको व्यापारिक आयात-निर्यातमा प्रयोग नगरे सम्म रेल्वे घाटामै रहने बताए । उनले भने,'दुई चार वटा बोगी जोडेर भए पनि नेपालको उत्पादन भारतमा निर्यात गर्न सक्नु पर्छ अनि मात्रै राज्यलाई कर र राजश्वमार्फत नाफा देखिनेछ।'

भारतीय पर्यटक पनि अधिकांश जनकपुरधामसम्म आउँदा बस मार्गबाट आउने गरेको बताउँदै उनले भने,'बढी भन्दा बढी पर्यटक रेल्वेको प्रयोग गर्न बाध्यात्मक अवस्था निर्माण गर्न व्यापक प्रचार प्रसार आवश्यक छा'

# छुरा प्रहारबाट एक युवक गम्भीर घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-९ बडहरीका २५ वर्षीय युवा शङ्कर महतोमाथि शुक्रबार बिहान छुरा प्रहार भएको छ। छुरा प्रहारबाट महतो गम्भीर घाइते भएका छन् ।

उनको उपचार धनुषाको रमदैयास्थित जानकी मेडिकल कलेजमा भइरहेको प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक कविन राईले छुरा प्रहार घटनाको पुष्टि गर्दै अनुसन्धानको क्रममा तीन जनालाई नियन्त्रणमा लिइएको बताएका छन् । उनले यस घटना सम्बन्धी थप अनुसन्धान भइरहेको जानकारी दिए ।

विश्व उपभोक्ता अधिकार दिवस भव्य रुपमा मनाऔं ।

स्वच्छ उर्जा मार्फत
उपभोक्ता सशक्तीकरण नाराका साथ
विश्व उपभोक्ता अधिकार दिवस मनाऔं ।
उपभोक्ताको स्वच्छ र गुणस्तरीय वस्तु वा सेवा उपभोग अधिकारको सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८